# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १० अंक ३३३ काठमाडौं सोमबार, १९ चैत २०८० Prabhab National Daily Monday, April 1, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


# कांग्रेस लचक, संसद् अवरोध नगर्ने



*फाइल तस्बिर*

■ **जेबी योञ्जन**

- सहकारी ठगी प्रकरणमा गृहमन्त्रीबारे छानबिनको माग यथावत्
- प्रधानमन्त्री दाहाल न्यायाधीश बन्न खोजेको टिप्पणी

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसद्मा लचिलो देखिएको छ । कांग्रेसले अब संसद् बैठक नियमित रूपमा चल्न दिने भएको छ ।

यसअघि यही ७ चैतमा सहकारी ठगी प्रकरणसँग जोडिएका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेबारे छानबिन गर्न संसदीय छानबिन समिति गठन अर्को संसद् बैठकमा गर्नुपर्ने अल्टिमेटम दिएको थियो । सरकारले समिति गठन नगरे संसद् अवरोध गर्ने चेतावनी कांग्रेसको थियो । तर, आइतबार त्यस्तो भएन ।

कांग्रेस संसद्मा निकै लचक भएर प्रस्तुत भयो । सुरुमा एकछिन अवरोध गर्ने प्रयास नभएको भने होइन । लगत्तै सभामुख देवराज घिमिरेले कांग्रेस सांसद सञ्जयकुमार गौतमलाई बोल्न दिए । त्यसक्रममा सांसद गौतमले सहकारी ठगी प्रकरणमा आफूहरूले उठाएको विषय आग्रह र पूर्वाग्रह नभएको बताए । उनले सहकारी ठगी आरोपी लामिछानेलाई गृहमन्त्री बनाएपछि अनुसन्धानमा भने शंका गर्न मिल्ने पनि बताए ।


'तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठले छानबिन गरिरहेका छौं, अपराधीहरू उम्किन दिँदैनौं भनेपछि विश्वस्त भएका थियौं तर सरकार फेरिएसँगै परिस्थिति फेरिएको छ,' उनले भने, 'जसमाथि छानबिन भइरहेको थियो, उहाँ नै गृहमन्त्रीको कुर्सीमा पुग्नुभएको छ । शंका छ ।'

सांसद गौतमले प्रधानमन्त्री सहकारी ठगी आरोपी गृहमन्त्री लामिछानेको प्रकरणमा न्यायाधीश बनेको टिप्पणी गरे । न्यायाधीशले जसरी लामिछानेलाई 'क्लिन चिट' दिने प्रयास गरेको उनले उल्लेख गरे । गौतमका अनुसार यस प्रकरणमा अनुसन्धान गर्ने निकायले पनि फासफुस पारामा क्लिन चिट दिएको भन्दै रोष प्रकट गरे ।

'सुरक्षा निकायका प्रमुख (प्रहरी)ले समेत फासफुस ढंगले क्लिन चिट दिने प्रयास गर्नुभयो । यसले हामीले उठाएको मुद्दामा गम्भीर प्रश्न जन्मिएको छ,' सांसद गौतमले शंका गर्दै भने । उनले बुटवल, चितवन, पोखरालगायतका स्थानका सहकारीका ९० हजार बचतकर्ताले जम्मा गरेको ८० करोड रूपैयाँ रकम गोर्खा मिडिया प्रालिमा अपचलन भएको भन्दै त्यसको जिम्मा कसले लिने भन्ने प्रश्न गरे । गौतमले बोलेपछि कांग्रेसले संसद् बैठक चल्न दिया ।

(क्रमशः पृष्ठ २ मा)

# प्रदेशदेखि संघीय सरकार जोगाउन माधव नेपाल निर्णायक



- सात प्रदेशमध्ये एकमा मुख्यमन्त्री नदिए बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई विश्वासको मत नदिने एकीकृत समाजवादीको चेतावनी
- बागमतीमा जम्कट्टेललाई जसरी पनि विश्वासको मत पाउनबाट रोकेर आफ्नो नेतृत्वमा सरकार गठन गर्ने कांग्रेसको तयारी
- माओवादी नेतृत्वको बागमती सरकार ढले दाहाल नेतृत्वको संघीय सरकार पनि धरापमा पर्ने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नयाँ गठबन्धनअनुसार प्रदेश सरकार पुनर्गठन अझै हुन सकेको छैन । नेपाली कांग्रेसका मुख्यमन्त्री रहेका प्रदेशमा नयाँ समीकरणअनुसार सरकार पुनर्गठन हुन नसकेपछि सत्तारुढ दल सहमतिको प्रयासमा जुटेको छ । प्रदेश सरकार पुनर्गठनमा नेकपा एकीकृत समाजवादी निर्णायक शक्तिका रूपमा देखिएकाले उसले आफ्नो 'बार्गेनिङ' बढाउँदै लगेको छ ।

प्रदेश सरकारमा भागबण्डा मिलाउन एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले बागमतीको मुख्यमन्त्री मागेपछि आइतबार बसेको गठबन्धनको बैठक निर्णयविनै टुंगियो । आज सोमबार बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विश्वासको मत लिँदै छन् । नेपाली कांग्रेसले सत्ता छाडेर समर्थन फिर्ता लिएपछि जम्कट्टेलले विश्वासको मत लिन लागेका हुन् ।

गठबन्धनमा भागबण्डाको सहमति नजुटेकोले माओवादीका नेता जम्कट्टेललाई समाजवादीले मत नदिने चेतावनी दिइसकेको छ । 'बागमतीको मुख्यमन्त्रीलाई हामी विश्वासको मत दिँदैनौं,' संसदीय दलको बैठकको निर्णय सुनाउँदै एकीकृत समाजवादीका सांसद मेटमणि चौधरीले भने । एकीकृत समाजवादी बागमती प्रदेशका संसदीय दलका नेता कृष्णप्रसाद खनालले यही अवस्थामा जम्कट्टेललाई विश्वासको मत दिन नसकिने बताएका छन् ।

बागमतीमा यसअघि दुई सिट भएको हाम्रो नेपाली पार्टीले पनि मुख्यमन्त्री मागेको थियो । यद्यपि उक्त पार्टीका शैलेन्द्रमान बज्राचार्य जम्कट्टेल नेतृत्वको सरकारमा सहकारी मन्त्री भइसकेका छन् । बागमतीको ११० सदस्यीय प्रदेशसभामा जमकट्टेलले ५६ मत जुटाएमा उनी मुख्यमन्त्रीमा कायम रहने छन् । बागमतीमा कांग्रेसका ३७, एमालेका २७, माओवादी केन्द्रका २१, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का १३, एकीकृत समाजवादीका सात, नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का तीन र हाम्रो नेपाली पार्टीका दुई सांसद छन् । एकीकृत समाजवादीले साथ नदिए जम्कट्टेलको सरकार धरापमा पर्नेछ ।

### कांग्रेसको आफ्नै दाउ

बागमतीमा कांग्रेस आफ्नै नेतृत्वमा सरकार बनाउने प्रयासमा जुटेको छ । यहाँ कांग्रेसको पहिलो रणनीति हो, जम्कट्टेललाई बहुमत जुटाउन रोक्ने । यदि कांग्रेस यो नीतिमा सफल भए संविधानको धारा १६८(३) अनुसार सबभन्दा ठूलो दलको हैसियतमा कांग्रेस संसदीय दलका नेता स्वतः मुख्यमन्त्री नियुक्त हुन्छन् ।

यद्यपि कांग्रेसबाट बन्ने मुख्यमन्त्रीले पनि एक महिनाभित्र विश्वासको मत लिनुपर्ने हुन्छ । तर, कांग्रेसलाई राप्रपाले साथ दिँदा पनि बहुमत पुग्दैन । त्यसैले यसलाई रोक्न गठबन्धनभित्र मुख्यमन्त्री कसले लिने टुंगो लगाउन र शीर्ष नेताहरूले साना दलहरू (नेमकिपा र हाम्रो नेपाली पार्टी) सँग संवाद गरेर सहजीकरण गरिदिन मुख्यमन्त्री जम्कट्टेलले प्रधानमन्त्री दाहाललाई आग्रह गरेका थिए । मुख्यमन्त्री जम्कट्टेलसँग भेटलगत्तै प्रधानमन्त्री दाहालले एमाले अध्यक्ष केपी शर्मा ओली र एकीकृत समाजवादीका अध्यक्ष नेपालसँग भेट गरेका थिए । यही भेटमा एकीकृत समाजवादीका अध्यक्ष नेपालले सात प्रदेशमध्ये एकमा मुख्यमन्त्री पाउनुपर्ने अडान नछाडेपछि गठबन्धनको किचलो सतहमा आएको हो ।

### संघीय सरकार नै धरापमा पर्ने

बागमतीमा एकीकृत समाजवादीको समर्थन नपाए संघीय सरकारसमेत धरापमा पर्ने देखिएको छ । केन्द्रीय सत्तामा माओवादी अध्यक्ष  दाहाल नेतृत्वको सरकार जोगाउन जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवलाई मनाउनैपर्ने हुन्छ । जनता समाजवादीसँग अहिले १२ सांसद छन् भने एकीकृत समाजवादीसँग १० सांसद ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

# इजरायलमा केयर गिभरको माग धमाधम

■ **प्रभाव संवाददाता**

काठमाडौं- इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार (केयर गिभर)को रूपमा जाने सूचीमा रहेका नेपालीहरूको धमाधम करार सम्झौताका लागि माग आउन थालेको छ । युद्धका कारण लामो समयदेखि प्रभावित भएको इजरायलयले पुनः रोजगारीको क्षेत्र खुला गरेपछि नेपालबाट केयर गिभरको रूपमा नेपालीहरूलाई लैजान करार सम्झौता पठाउन थालेको हो ।



युद्ध कम हुँदै गएपछि सुरक्षित स्थानहरूमा रोजगारी दिने प्रतिबद्धता जनाउँदै इजरायलले कामदारहरूलाई करार सम्झौता पठाउन थालेको वैदेशिक रोजगार विभागले जनाएको छ । इजरायलसँग भएको जिटुजी सम्झौताअनुसार छनोटमा परेका एक हजार ६०० केयर गिभरमध्ये बाँकी ४२५ जनालाई इजरायलले लैजान लागेको विभागको भनाइ छ । यसअघि एक हजार १७५ जना केयर गिभर इजरायल गइसकेका छन् ।

युद्धपश्चात् इजरायलमा रोजगारीको अवसरसहित मार्च ३१ अर्थात् चैत १८ गतेसम्म विभिन्न मितिमा ३६ जनाको नाममा करार सम्झौता आएको विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले बताए । 'विभागमा नियमित रूपमा आउने करार सम्झौताअनुसार केयर गिभरलाई पठाउने प्रक्रिया बढिरहेको छ,' उनले भने, 'करार सम्झौता आउने क्रम जारी छ, सँगसँगै कतिपय भिसा जारी भएर रोजगारीका लागि इजरायल पुगिसकेका छन् ।'

पछिल्लो समय दीर्घकालीन स्याहार केन्द्रहरूमा कामदारको अभाव बढ्दै गएपछि इजरायलले थप कामदार लैजाने तयारी गरिरहेको बताइएको छ । विभागका अनुसार इजरायलले थप ५०० जना केयर गिभरको माग गरेको छ । इजरायलले युद्ध हुनुअघि नेपालबाट दुई चरणमा एक हजार केयर गिभर लैजाने आवश्वासन दिएको थियो ।

इजरायलले स्याहार केन्द्रहरूमा काम गर्न ७० प्रतिशत महिला र ३० प्रतिशत पुरुष माग गर्ने गरेको छ । सोहीअनुरूप छनोटमा परेकाहरूलाई लैजाने गरिएको छ । इजरायल जाने केयर गिभरको रोजगार करार अवधि एक वर्षको हुने भए पनि पाँच वर्षसम्म करार थप गरी बस्न पाइने व्यवस्था छ । केयर गिभरमा इजरायल जाने नेपाली कामदारले मासिक एक हजार ६०० अमेरिकी डलर अर्थात् दुई लाख १० हजार रूपैयाँभन्दा बढी तलब पाउँछन् ।

जिटुजी सम्झौताअनुसार इजरायल जाने नेपाली कामदारको अधिकतम ९० हजार रूपैयाँ खर्च हुने बताइन्छ । सरकारी प्रक्रियाबाट जाँदा लाग्ने लागतको अनुपातमा आकर्षक आम्दानी हुने भएपछि धेरै नेपालीहरू इजरायल जान चाहेको विभागले जनाएको छ । यद्यपि इजरायलले निश्चित कोटामात्रै उपलब्ध गराएका कारण इच्छुक नेपालीहरूलाई पठाउन कठिन भएकाले थप कोटा दिन माग गरिएको निर्देशक उप्रेतीले बताए । सरकारले जिटुजी प्रणालीमार्फत 'लर्न एण्ड अर्न' र केयर गिभरमा मात्रै नेपालीलाई इजरायल पठाउँदै आए पनि अन्य क्षेत्रमासमेत पठाउन आवश्यक गृहकार्य गरिरहेको विभागका एक अधिकारीले बताए ।

# क्यानडा पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि क्यानडा पठाइदिन्छु भन्दै प्रलोभनमा पारी रकम ठगी गरेको अभियोगमा एक जनालाई प्रहरीले पक्राउ गरेको छ । क्यानडामा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितसँग रकम लिएर फरार रहेको आरोपमा सुदेश सुनुवार मुखियालाई प्रहरीले पक्राउ गरेको हो ।

गोकर्णेश्वर नगरपालिका-७ बेसीगाउँ ठेगाना भएका ४१ वर्षीय मुखियाले लेखनाथ भुर्तेललाई क्यानडा पठाई मासिक दुई लाख रूपैयाँभन्दा बढी तलबमा एक प्रतिष्ठित कम्पनीमा काम लगाइदिने विश्वास दिलाई रकम ठगी गरेको प्रहरीले जनाएको छ । मुखियाले पीडितसँग पटक-पटक गरी ४० लाख रूपैयाँ लिएर फरार भएको प्रहरी अनुसन्धानबाट खुलेको छ । रकम संकलन गरी फरार रहेका उनलाई खोजतालासका क्रममा बौद्धबाट पक्राउ गरिएको बताइएको छ ।

मुखियाले पीडितबाट रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक नकुल पोखरेलले जानकारी दिए ।


जनहितमा जारी सन्देश

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरू: उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

डेंगीबाट बच्ने उपायहरू

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# 'मानवअधिकारबाट वञ्चित हुँदा पीडामा छौं'



**काठमाडौं (प्रस)–** उत्तर कोरियाली नागरिक पार्क युसिओङले आफ्नो देशमा मानवअधिकारबाट वञ्चित हुनुपरेको बताएका छन् । काठमाडौंमा बुधबार आयोजित 'न्यायका लागि बहस' कार्यक्रममा बोल्दै उनले त्यहाँ मानवअधिकारका लागि दबाब दिन विश्वसमक्ष आग्रह गरे ।

उनले एक उत्तर कोरियाली नागरिक भएर आफूले भोग्नुपरेको पीडाहरू सुनाएका थिए । 'एक मिसाइल बनाउन गरिने खर्चले उत्तर कोरियाका नागरिकहरूलाई तीन महिनासम्मका लागि खाद्यन्न पुग्दछ,' उनले भने, 'तर सरकार मिसाइल बनाउनमै खर्च गरिरहेको छ ।'

मानवअधिकार भन्ने शब्द नै उत्तर कोरियाको नागरिकहरूलाई थाहा नभएको पार्कले बताए । उत्तर कोरियाका मानिसहरूका लागि उनले न्याय दिलाउन विश्वसामु आग्रह गरेका छन् । उत्तर कोरियामा रहँदा नागरिकहरूले पाउनुपर्ने स्वास्थ्य उपचार पनि नपाएको र उपचार गर्नका लागि आफ्नो बुबाले सरकारी कर्मचारीलाई घूस दिएकोसमेत उनले खुलासा गरे । मानवअधिकारलाई त्यहाँको शासकले नैतिक रूपमा अभ्यास गर्न वञ्चित गराएको आरोप उनले लगाएका छन् ।

उनले आफू उत्तर कोरियामा रहँदाको तितो भोगाइहरू सुनाए । ' आमाले जहिल्यै पनि घाँटीमा लगाएको मालामा विष बोकेर हिँडेको कहिल्यै बिर्सन सक्दिनँ,' पार्कले बताए । उत्तर कोरियाली नेता किम जोङ उनले आफ्नी १२ वर्षीया छोरीलाई पनि एक शासकको रूपमा तयार गरिरहेको उनले बताए ।

## पृष्ठ १ बाट क्रमशः

### प्रदेशदेखि संघीय...

नेपाल र यादवको कनेक्सन मधेस प्रदेशमा जोडिएको छ । मधेसमा जनमतका अध्यक्ष सिके राउतसँग यादवको राजनीतिक टक्कर छ । यही कारण यादव कसैगरी प्रदेश सरकारमा आफ्नो वर्चश्व राख्न चाहन्छन् । यहाँ एकीकृत समाजवादीले साथ नदिए जसपाबाट मुख्यमन्त्री बनेका सरोजकुमार यादवको सत्ता धरापमा पर्नेछ । मधेसमा एकीकृत समाजवादीका सात सांसद छन् ।

'उपेन्द्र यादव जसरी पनि मधेस सरकारमा जोगाउन लाग्नुपर्छ । बरु केन्द्रीय सत्ता छाड्छन्, प्रदेश छाड्दैनन्,' एकीकृत समाजवादीका एक नेताले भने । ती नेताका अनुसार १३ सांसद रहेको जनमत पार्टी जसपाको सत्ता खोस्ने दाउमा छ । सिके-उपेन्द्रको राजनीतिक इगोका कारण मधेसमा झन् राजनीतिक किचलो बढ्ने देखिन्छ । जसकारण जसपा जसरी पनि एकीकृत समाजवादीलाई साथमै राख्न चाहन्छ ।

बागमतीमा आफ्नो दललाई बाइपास गरे १५ दिनमै दाहाल नेतृत्वको सरकार ढल्ने सांसद चौधरीको दाबी छ । 'बागमतीमा हामीले विश्वासको मत दिने अवस्था नबने १५ दिनभित्रमै दाहाल जान सक्छ,' चौधरीले भने । राजनीतिक बाधा अड्काउ फुकाउको साँचोजस्तै देखिएको एकीकृत समाजवादीले यहीबेला आफ्नो बार्गेनिङ बढाएको हो । एकीकृत समाजवादीले संघीय सरकारमा थप एक मन्त्री र सबै राजनीतिक नियुक्तिमा सम्मानजनक सहभागिताको लिखित ग्यारेन्टीसमेत माग गरेको बताइएको छ । अहिले संघीय सरकारमा उक्त पार्टीबाट भानुभक्त जोशी र धनबहादुर बुढा मन्त्री छन् ।

### कांग्रेस लचक...

सहकारी ठगी प्रकरणमा उपप्रधान तथा गृहमन्त्री लामिछाने संलग्न रहेको दाबी चाहिँ कांग्रेस सांसदहरूले आइतबार पनि गरे । गत २४ फागुनदेखि नै लामिछानेलाई दोषीको रूपमा कांग्रेस सांसदहरूले चित्रण गर्दै आएका छन् । बारम्बार यही प्रकरणसँग जोडेर लामिछानेमाथि प्रश्न उठाइरहेका छन् । संसदीय समिति गठनका लागि सरकारलाई दबाब बढाइरहेका छन् । तर, संसद् अवरोध भने नगर्ने निष्कर्षमा कांग्रेस पुगेको छ । त्यसअघि शनिबार कांग्रेस पदाधिकारी र पूर्वपदाधिकारी बैठक बसेको थियो । उक्त बैठकपछि संसद्मा कांग्रेस सांसदहरू गृहमन्त्री लामिछानेविरुद्ध केही नरम देखिए ।

त्यही भएर गौतम बोलेपछि संसद् नियमित कार्यसूचीमा प्रवेश गर्‍यो । अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको स्थापनासँग सम्बधित सम्झौतामाथि सामान्य छलफल भयो । बैंक तथा वित्तीय संस्थासम्बन्धी पहिलो संशोधन विधेयक पेस भयो । साथै भन्सार विधेयक र निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयकलाई दफावार छलफलका लागि समितिमा पठाउने प्रस्ताव सर्वसम्मत रूपमा स्वीकृत भएको छ ।

बैठकपछि बोल्दै कांग्रेस सांसद रामहरि खतिवडाले संसदीय समिति छानबिनको मागबाट पछि नहटेको बरू सरकारलाई विधेयकहरू प्रस्तुत गराउन अवसर दिएको बताए । यसलाई सरकारलाई अन्देखा गर्न नहुने उनको भनाइ छ ।

'हामीले जुन मुद्दा गृहमन्त्रीलाई जोडेर उठाइरहेका छौं । यसबाट पछि हटेका छैनौं । मात्रै के हो भने संसद्मा बिजेनस होस् भनेर सहज पारिदिएको मात्रै हो,' उनले भने, 'तर, सरकारले अन्देखा गर्‍यो भने संसद् अवरोध गर्नुको विकल्प हुँदैन ।'

प्रधानमन्त्री पुष्पकमल दाहालसहितका सत्तापक्षीय नेताहरू गृहमन्त्रीविरुद्ध छानबिन समिति गठनमा सकारात्मक छैनन् । त्यही भएर समिति गठनको माग गरेको महिना दिन हुन लाग्दासमेत उनीहरूले कांग्रेससँग गठनबारे कुरै गरेका छैनन् । कांग्रेसको मागप्रति सत्तापक्षीय दलहरूको बेवास्ताले गर्दा नै अन्ततः कांग्रेस सदन चल्न दिने निष्कर्षमा पुगेको एक पदाधिकारीले बताए ।

अर्कोचाहिँ कांग्रेसले बहुरूपी चरित्र प्रदर्शन गर्‍यो । जतिबेला अहिलेको गठबन्धन बन्ने क्रममा थियो, त्यसबेला कांग्रेसबाट लामिछानेलाई प्रधानमन्त्रीको 'अफर' आएको विवरण सार्वजनिक भयो । लामिछानेको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का महामन्त्री डा. मुकुल ढकालले पत्रकारहरूलाई त्यसबारे जानकारी दिएका थिए । पछि कांग्रेसले खण्डन गर्‍यो । भ्रम सिर्जना गर्न खोजेको भन्दै आक्रोश पोख्यो ।

यद्यपि, सत्तापक्षीय दलहरू पनि हिजो प्रधानमन्त्रीको अफर गरेर प्रधानमन्त्रीका लागि योग्य देख्ने, अर्को गठबन्धनबाट लामिछाने गृहमन्त्री हुँदा अयोग्य हुने भन्दै कांग्रेसलाई प्रश्न गरिरहेका छन् । ती दलहरूको विचारमा कांग्रेसले बहुरूपी चरित्र देखायो । अर्कोतिर लामिछानेलाई गत बुधबार संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमा बोलाएर लागेको आरोपबारे स्पष्टीकरणको मौका दिइएको थियो । त्यहाँ कांग्रेसले गृहमन्त्री लामिछानेलाई 'सुनपानीले शुद्धी गरेको' भनेर चर्चियो । तर, पनि कांग्रेसले आइतबार बैठक सुरु भएलगत्तै उठेर अवरोधको प्रयास गरेको थियो ।

सत्ता गठबन्धनको मुख्य दल नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले भने कांग्रेसले सत्ता छाड्नुपर्दाको छटपटी प्रकट गरिरहेको बताए । जुन अशोभनीय भएको उनले बताए ।

कांग्रेसले अब संसद् चल्न दिने तर गृहमन्त्री रविलाई भने रोष्ट्रममा जान नदिने रणनीति तय गरेको छ । संसद्को पात्रोअनुसार आज, भोलि २० र पर्सी २१ गते लगातार संसद् बैठक बस्ने छ । त्यसपछि अर्को बैठक २७, २८ र २९ गते बस्ने छ । २७ गतेको बैठकमा उपप्रधान तथा गृहमन्त्री लामिछानेले राजनीतिक दलसम्बन्धी विधेयक पेस गर्ने कार्यसूची छ । त्यहाँ उनलाई अवरोध गर्ने कांग्रेसको रणनीति छ ।


## सर्वसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

बौद्ध महांकाल शानधारामार्ग काठमाडौं, फोन नं ०१-४८२२२२२

### ऋणीको कर्जा चुक्ता गर्न आउने ७ दिने सूचना

यस सर्वसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.बाट ब्यावसायिक (घरायसी) कर्जा शिर्षक अन्तर्गत ऋणी श्रीमती उमा बम यस संस्थामा सुरक्षण बापत सम्पत्ति धितो जमानत राखी तिर्नुपर्ने साँवा ब्याज हर्जना रकम चुक्ता नगरेको हुनाले मिति २०८० साल कार्तिक २४ गते ३५ दिने र २०८० पुस १० गते १५ दिने सूचनालाई समेत कुनै चासो प्रतिक्रिया नदेखाई बेवास्था गर्नु भएको हुनाले अब यो सूचना प्रकासित भएको ७ सात दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई बुझाउनु पर्ने साँवा ब्याज हर्जना समेत बुझाउन हुन यो सूचना मार्फत सूचित गरिन्छ । अन्यथा निजले यस संस्थामा धितो स्वरूप लेखि लेखाई दिएको तपशिल बमोजिमको अचल सम्पत्ति लिलाम बिक्रि गरी सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ बमोजिम संस्थाको आफ्नो लेना रकम असुल उपर गर्ने ब्यहोरा ऋणी जमानीकर्ता तथा धितो लेखिदिने व्यक्ति सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ ।

**ऋणीको तीनपुस्ते नाम, ठेगाना तथा सुरक्षणको विवरणः**

| ऋणीको नाम, थर वतन | धितोको विवरण |
|---|---|
| नामः श्रीमती उमा बम<br>पतिः स्व. कमल बम<br>बुवाः चक्र ब. सिह राठौर<br>ससुराः ब्रहमा सिहं बम<br>ठेगानाः सेती अञ्चल कैलाली जिल्ला दोदोधरा वडा नं २ हाल का.म.पा.६ शान्तिनगर | काठमाडौंः गागलफेदी<br>वडा नं ४ "ख", कि.नं. १३२<br>क्षेत्रफल ०-९-० ० २८६।१७<br>ब.मि वारी मोठ १६०४ क |



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DNS SECURITY SDN BHD शहरः Malaysia, Selangor

पूर्व स्वीकृति मितिः २०८०/०९/०८ पूनः विज्ञापन स्वीकृति मितिः २०८०/१२/१८ LT. No. 296988 चलानी न. ६०२१९८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Gurad | 10 | 0 | 1500 | ४२,२८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत्र २६ गते (8th April. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LANGTANG OVERSEAS PVT. LTD. Govt. Lic. No.:1643/080/081
Basundhara-03, Kathmandu Nepal
info@langtangoverseas.com www.langtangoverseas.com
+977-14971229 , 5903079
9849442132, 9818497796, 9851354196



## दित्तेल रुपाकोट मझुवागढी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

दित्तेल खोटाङ

### बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/१२/१९

यस नगरपालिकाको तपसिलको मालसामान खरिदका लागि मिति २०८०/११/०४ गते प्रकाशित सूचना अनुसार रितपूर्वक सिलबन्दी बोलपत्र प्रक्रिया मार्फत दर्ता हुन आएको बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएको देहाय अनुसारको बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | बोलपत्रको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | बोलपत्रदाताको कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| 03/DRMM/NCB/G/2080/081 | PROCUREMENT OF MOTORCYCLES FOR WARDS AND OFFICE. | श्री इकिमा इन्टरप्राइजेज प्रा.लि., दि.रु.म.न.पा.-१, खोटाङ | रु. ५०,२४,८६७२६ |

प्रमुख प्रशासकीय अधिकृत



## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. PRO (Saudi Special) - 3 ((F/M)
2. Receptionist-1 (F)

नोटः सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष अनुभव, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

तलबः आपसी समझदारीमा

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu
Tel: +977-1-4569912, 4569913, 4569914
9802010315, Email.: gaurav@workforce.com.np, Web Site : www.workforce.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : A5 SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/१२/१८ LT. No. 302875 चलानी नं. ६०२१७७०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 30 | 0 | 1500 | ४२,३६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः चैत्र २६ गते (8th April. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ASIA LINK SERVICES PVT. LTD. श्रम इजाजत नं ११९/०५५/०५६
Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

चैत १९ गते २०८०, सोमबार

| | |
|---|---|
| **मेष** | घरको सामान्य मनोरञ्जनमा सहभागिता भइनेछ । |
| **वृष** | मानसिक चिन्ता बढेपनि श्रमको उचित मल्यांकन हुनेछ । |
| **मिथुन** | प्रेम सम्बन्ध कसिलो हुँदै जानेछ |
| **कर्कट** | नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । |
| **सिंह** | प्रेमी र प्रेमिकाको सहयोग मिल्नेछ । |
| **कन्या** | राज्य र समाजबाट सहयोग मिल्नेछ । |
| **तुला** | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| **वृश्चिक** | चिताएको र गरेको कार्यमा सफलता पाइनेछ । |
| **धनु** | परिवारसँग समय बिताउने अवसर जुट्नेछ । |
| **मकर** | कार्य सम्पादनमा सहजता मिल्नेछ । |
| **कुम्भ** | सामान हराउने वा चोरी हुने भय छ । |
| **मीन** | वैदेशिक कारोबारमा अधिक सफलता मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

चैत १९ गते, २०८०, १ अप्रिल, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.१५ | १३३.७५ |
| युरो | १ को | १४३.६६ | १४४.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.९४ | १६८.६९ |
| स्विस फ्रैन्क | १ को | १४७.६७ | १४८.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७१ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.२५ | ९८.६९ |
| सिंगापुर डलर | १ को | ९८.७० | ९९.१४ |
| जापानी येन | १० को | ८.८० | ८.८४ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.५० | ३५.६६ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६८ |
| थाई भाट | १ को | ३.६६ | ३.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२६ | ३६.४२ |
| मलेसियन रिङ्गेट | १ को | २८.१८ | २८.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १२.४५ | १२.५० |
| डेनिस क्रोनर | १ को | १९.२६ | १९.३५ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.७७ | ४३४.७२ |
| बहराइन दिनार | १ को | ३५३.१७ | ३५४.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचदायचन।लउ मा उपलब्ध हुनेछ ।

# बाजुरामा शैक्षिकसत्र सुरु नहुँदै पुग्यो पाठ्यपुस्तक



**बाजुरा–** नयाँ शैक्षिकसत्र सुरु हुनुअगावै जिल्लाका स्थानीय तहका विद्यालयमा पाठ्यपुस्तक पुगेका छन् । हरेक वर्ष पाठ्यपुस्तक अभाव खेप्दै आएका यहाँका सामुदायिक विद्यालयले यस वर्ष शैक्षिकसत्र सुरु हुनु एक महिनाअघि नै पाठ्यपुस्तक पाएका हुन् ।

जिल्लाको तल्लो क्षेत्रका बूढीगंगा, त्रिवेणी र बडीमालिका नगरपालिकाका साथै खप्तड छेडेदह र गौमूल गाउँपालिकाका सामुदायिक विद्यालयमा जनक शिक्षा सामग्री केन्द्रको आधिकारिक बिक्रेता करुणा पुस्तक पसलले पाठ्यपुस्तक खरिद गरी पुर्‍याएको हो ।

पूर्वी उत्तरी भेगका चार पालिकाका सामुदायिक विद्यालयमा पनि पाठ्यपुस्तक वितरण गर्न थालिएको छ । यहाँका बूढीनन्दा नगरपालिका तथा हिमाली, स्वामीकार्तिक र जगन्नाथ गाउँपालिकामा रारा कर्णाली पुस्तक पसल कोल्टीले जिम्मेवारी लिएसँगै वितरण सुरु गरिएको जनाइएको छ। प्रत्येक वर्ष सामुदायिक विद्यालयले पाठ्यपुस्तक अभावका कारण पठनपाठनमा समस्या हुने गरेकामा यस वर्ष शैक्षिकसत्र सुरु हुनु एक महिनाअगावै पुस्तक पाइएको पशुपति माविका प्रधानाध्यापक दयाराम जोशीले बताए ।

शैक्षिकसत्र सुरु हुनुभन्दा अगावै पाठ्यपुस्तक पुगेको भन्दै केही अपुग भएमा विद्यार्थी भर्नापश्चात् सोहीअनुसार पुनः माग गर्न सकिने प्रअ जोशीले बताए । समयमै पुस्तक पुगेसँगै शैक्षिकसत्र सहजरूपमा सञ्चालन गर्न सकिने उनको भनाइ छ । विगतका वर्षमा शैक्षिकसत्र सुरु भएको महिनौं बितिसक्दा पनि विद्यालयमा पुस्तक अभाव हुने गरेको थियो । आगामी शैक्षिकसत्र २०८१ का लागि भने विद्यालयमा चैत १५ गते नै पुस्तक पुगिसकेको प्रअ जोशीले जानकारी दिए ।

जनक शिक्षा सामग्री केन्द्र प्रादेशिक कार्यालय धनगढीले यही चैत १३ गते सुदूरपश्चिम प्रदेशको बाजुराबाट वितरण सुरु गरेको जनाएको छ । जिल्लामा एक लाख १० हजार ३७ थान पाठ्यपुस्तक पुगिसकेको कार्यालयका प्रमुख रामबहादुर कुँवरले जानकारी दिए । उनका अनुसार बाजुरामा आठ बिक्रेतामध्ये सात जनाले पुस्तक लिइसकेका छन् भने एक जना लिने क्रममा छन् ।

बाजुरामा वि.सं. २०८१ का लागि अनुमानित एक लाख २७ हजार ८०६ थान पाठ्यपुस्तक रहेको कार्यालयका प्रमुख कुँवरले बताए । सोमध्ये ८६ प्रतिशत पुस्तक जिल्लामा पुगिसकेका र बाँकी केही दिनमा पुग्ने उनले जानकारी दिए । करुणा पुस्तक तथा डेल्टा स्टोरका सञ्चालन नृप खातीका अनुसार पहिलोपटक बाजुराका विद्यालयमा चैत महिनामै पाठ्यपुस्तक पुगेका बताए । 'मैले वितरण गर्ने कार्यक्षेत्रमा ९५ प्रतिशत विद्यालयमा पुस्तक पुगिसकेको छ,' उनले भने, 'बाँकी रहेका विद्यालयमा केही दिनमा पुर्‍याउने छौं ।'

केन्द्रले प्रदेशका विकट तथ दुर्गम गाउँलाई पहिलो प्राथमिकतामा राखेर पुस्तक बिक्री तथा वितरण सुरु गरिएको जनाएको छ । बाजुरापछि दार्चुला र बझाङमा पनि वितरण भइसकेको प्रादेशिक कार्यालयका प्रमुख कुँवरले जानकारी दिए । उनका अनुसार दार्चुलामा ९१ हजार ४८६ थान र बझाङमा २६ हजार ५१ थान पुस्तक पठाइसकिएको छ । सबै जिल्लामा चैत महिनाभित्रमा पुस्तक पठाइसक्ने जनक शिक्षा सामग्री केन्द्रले जनाएको छ ।

आगामी शैक्षिकसत्र २०८१ का लागि सुदूरपश्चिममा १९ लाख १५ हजार १८५ थान पुस्तक आवश्यकपर्ने अनुमान गरिएको छ । बाजुरामा ढुवानीबापत १६ प्रतिशत खर्च जनक शिक्षाले दिने छ । चैत महिनाभित्रै १९ लाख १५ हजारभन्दा बढी थान पुस्तक बिक्री भइसक्ने शिक्षा सामग्री केन्द्र धनगढीले दाबी गरेको छ । केन्द्रले चालु शैक्षिकसत्रमा १७ लाख ४१ हजार ७८ थान पुस्तक बिक्री गरेको थियो ।

पाठ्यपुस्तक खरिद गर्न सुदूरपश्चिमका अधिकांश स्थानीय तहमा बजेट निकासा भएको छैन। नेपालको संविधान २०७२ मा माध्यमिक शिक्षासम्मको अधिकार स्थानीय तहलाई छ । प्रदेशका स्थानीय तहले पुस्तक खरिदका लागिसमेत बजेट विनियोजन र निकासा नगरेको पाइएको छ । ८८ स्थानीय तहमध्ये अधिकांशले बजेट विनियोजन र निकासा गरेका छैनन् । सामुदायिक विद्यालयमा पुस्तक खरिदका लागि बजेट नभएकाले समस्या हुने देखिएको केन्द्रको प्रादेशिक कार्यालयका प्रमुख कुँवरले बताए । पाठ्यपुस्तकका लागि रकम निकासा नहुँदा समस्या हुनसक्ने उनको भनाइ छ ।

'स्थानीय तहहरूले विद्यालयलाई रकम दिने हो । सम्बन्धित विद्यालयले व्यवसायीलाई दिने हो । रकम निकासा नभएको भन्ने आएको छ। यसले गर्दा केही समस्या पर्छ कि भन्ने आशंका गरेका छौं,' प्रमुख कुँवरले भने । उनका अनुसार पाठ्यपुस्तक बिक्रेताले भने केन्द्रबाट खरिद गरेर विद्यालयमा पठाइरहेका छन् । स्थानीय तहले पनि समयमै बजेट निकासा दिए वितरण गर्न बाँकी रहेका पुस्तक पनि समयमै विद्यालय पुग्ने उनको भनाइ छ । *रासस*

# साँगा–धुलिखेल सडक बिस्तार रोकियो

**काभ्रेपलाञ्चोक (प्रस)–** अरनिको राजमार्गअन्तर्गतको काभ्रेपलाञ्चोकको सीमास्थल साँगादेखि धुलिखेलसम्मको सडक बिस्तार रोकिएको छ । उच्च अदालत पाटनको उत्प्रेषण आदेशपछि बनेपा-बुडोल खण्डमा निर्माणाधीन कल्भर्टलगायत संरचना निर्माण रोकिएको हो ।

बनेपा नगरपालिका-६ बुडोलका १३ जना स्थानीयले सूर्यविनायक-धुलिखेल-सिन्धुली-बर्दिवास सडक आयोजना कार्यालय भक्तपुरसहित आयोजना प्रमुख राजेन्द्रदास, बनेपास्थित ६ र ७ नं वडा कार्यालयलाई विपक्षी बनाइ गत फागुन २० गते रिट दर्ता गरेका थिए । दर्ता गरिएको रिटमा फागुन २१ गते नै प्रारम्भिक सुनुवाइ भएको थियो ।

न्यायाधीशद्वय नृपध्वज निरौला र विदुर कोइरालाको संयुक्त इजलासले निर्माण रोक्न दुई साताअघि उत्प्रेषण आदेश जारी गरेका हुन् । वि.सं. २०१६ मा सडक निर्माणका बेला खेतका लागि पानी निकास गर्न राखिएको ह्यूम पाइपसहितको ढलको स्थानमा हाल नयाँ डिजाइनमा कल्भर्ट निर्माण गरिएको थियो ।

उक्त कल्भर्टबाट पानी निकास हुँदा सडकको तल्लो क्षेत्रमा क्षति पुगेको जनाउँदै स्थानीयवासीले गत फागुनमा रिट दर्ता गरेका थिए । आयोजनाका इञ्जिनियर विष्णुप्रसाद खनालका अनुसार अदालतको उत्प्रेषण आदेशपछि उक्त क्षेत्रमा निर्माणाधीन संरचनाको कार्य रोकिएको छ । कल्भर्टलगायत निर्माणाधीन संरचनाको काम रोकिएपछि नजिकैबाट बनाइएको वैकल्पिक सडकमा हिलो र धुलोका कारण सवारी आवागमनमा निकै सकस भएको छ भने बुडोल क्षेत्रमा दर्जनौं दुर्घटनासमेत भएका छन् । पानी परेका बेला सवारी फसेर सडक जाम हुने अवस्था आएको छ ।

तीन वर्षमा सक्नेगरी सूर्यविनायक-साँगा र साँगा-धुलिखेलको सडकखण्ड बिस्तार सुरु गरिएको थियो । छुट्टाछुट्टै दुई चरणमा सम्झौता भएअनुसार २०७९ फागुन १६ गतेदेखि साँगाबाट धुलिखेलसम्मको ८.४ किलोमिटर सडकखण्ड निर्माण सुरु भएको थियो । सो सडकखण्ड निर्माणका लागि चार अर्ब पाँच करोड ६४ लाख रूपैयाँमा ठेक्का लागेको थियो ।

यसैबीच अरनिको राजमार्गअन्तर्गतको काभ्रेपलाञ्चोकको धुलिखेल-खावा चार किलोमिटर सडकखण्ड बिस्तारको म्याद सोमबार सकिँदै छ । उक्त सडक स्तरोन्नतिसहित बिस्तारका लागि सडक डिभिजन कार्यालय भक्तपुर र निर्माण कम्पनीबीच २२ महिना अर्थात् यही चैत १९ गते सम्पन्न गर्ने गरी २०७९ जेठ २० गते गौरी पार्वती निर्माण सेवा प्रालिसँग सम्झौता गरिएको थियो ।

आयोजनाको समयसी सकिँदा एकतिहाइ काम पनि नभएको कार्यालयले जनाएको छ । २२ महिनामा आयोजनाको २० प्रतिशतमात्रै काम भएको जनाउँदै कार्यालयले समय थपेर सम्पन्न गराउने योजना बनाएको छ । उक्त सडक स्तरोन्नतिका लागि २० करोड १९ लाख ४६ हजार रूपैयाँमा निर्माण कम्पनीसँग सम्झौता भएको थियो । केही वर्षदेखि जीर्ण बन्दै आएको धुलिखेल-खावा सडकखण्डलाई १२ मिटर फराकिलो बनाइ कालोपत्र गर्न लागिएको थियो ।


## ललितपुर महानगरपालिका वडा नं. ४ कार्यालयको साधियारको नाममा जारी सूचना

यस ललितपुर महानगरपालिका वडा नं. ४ साविक ल.पु. जि. नगर ४ ज कि.नं. २१९०,२१९२,२१८८ क्षे.फ. ०-२-२-० जग्गामा ज.ध. सुरेश कुमार श्रेष्ठले नयाँ घर निर्माणका लागि नक्शा पास गर्न निवेदन पेश भएकोमा संधियारको नाममा मिति २०८०/११/०४ गते जारी भएको १५ (पन्ध्र) दिने सूचना बुझाउन जाँदा उक्त कित्ता जग्गाको उत्तर तर्फको संधियार कि.न. १९७९ जग्गाको ज.ध. मानव महर्जन फेला नपरेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र सम्बन्धित सँधियार आफै वा कानून बमोजिमको वारेसले उक्त सूचना बमोजिम पिर, मार्का, सन्धि सर्पन पर्ने भए यस वडा कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । तोकिएको म्याद भित्र सम्पर्क राख्न नआएमा कानून बमोजिम नक्सा पास प्रकृया अगाडी बढने व्यहोरा समेत जानकारी गराईन्छ ।

## लिक्वीडेटर कार्यालयमको हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/१२/२१ मा दर्ता भएको प्रा.लि.नं. ३१०४०९/०७९/०८० को **शिला निर्माण तथा सप्लायर्स प्रा.लि.** को मिति २०८०/१२/१७ को विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः देवी प्रसाद भट्टराई, इजाजत पत्र नं. १७४,**
**ठेगानाः अनामनगर, काठमाडौं, फोन नं. ९८५१०४२०८८**

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मितिः २०८०/१२/१९**

**पलाञ्चोक देवी यातायात प्रा.लि.** को मिति २०८०/११/२१ मा सम्पन्न एकल शेयरधनीको साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम **अनुसबी यातायात सेवा प्रा.लि.** ले सकार्ने व्यहोर्ने शर्तमा कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**अनुसबी यातायात सेवा** (प्रा.लि. १९००८६)
**काठमाडौं महानगरपालिका– १४**

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Golden Gateway Internatioal P. Ltd** इजाजत नम्बरः १४४३/०७४/०७५ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेबार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिन भित्र प्रा.लि.मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम थर | पद | नागरिकता नं. |
|---|---|---|
| अनु उप्रती | रिसेप्शनिष्ट | ०४-०२-०७१-००२१४ |
| अन्जित कडरिया | लेखापाल | ०४-०१-७०-१७२२६ |
| धन बहादुर कुंवर | कार्यालय सहयोगी | ३९११५ |
| दिपेश मुदाभरी | ड्राइभर | ५७२६ |
| जगन्नाथ अधिकारी | जन सम्पर्क अधिकृत | १५५३० |

**Golden Gateway Internatioal P. Ltd.**
श्रम इजाजत नं. १४४३/०७४/०७५
P.o.Box. No. 10443, Ekata Tole, Sinamangal-9, Kathmandu, Nepal
Tel No. +977-1-4448156, 4465976, E-mail : goldengatewayintenational@gmail.com

## सागर सा व उ स उदयपुरगढि गा पा ६ उदयपुरको काठ लिलाम विक्री सम्बन्धी सूचना

सागर सा व उ स उदयपुरगढि गा पा ६ कों स्वकृत कार्ययोजना अनुसार आ व २०७९/०८०मा उत्पादन भई घाटगदि गरि राखिएको लट नं १ साल जातको गोलिया थान ४३ को ३६२.४१ क्यु फिट, असना गोलिया थान ३ को १९.७२ क्यु फिट, जामुन गोलिया थान ६ को २९.२५ क्यु फिट, बाभि गोलिया थान ८ को ५४.३२ क्यु फिट काठ तथा साल दाउरा ०.५ चटा र अन्य दाउरा ०.५ चटा समूह बाहिर बिक्रि वितरण गर्नु पर्ने भएकोले दोस्रो पटक यो १५ दिने सुचना प्रकशित गरिएको छ । विस्तृप्त जानकारिको लागि समुहको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

## कम्पनी अद्यावधिक, नाम परिवर्तन तथा उद्देश्य थप/संशोधन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८०/१२/१९ गते**

यस कम्पनीको मिति २०८०/१२/०२ को विशेष एकल साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **के.एस. केमिकल मल्टिपर्पोज प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **के.एस. फाइबर कम्पनी प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/१२/०७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **के.एस. फाइबर कम्पनी प्रा.लि.** (प्रा.लि.नं.२७१२३३) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Alpha Sigma Overseas Pvt. Ltd.** इजाजत नम्बरः ५१६/०६१/०६२ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी बिरोध भएमा ७ (सात) दिन भित्र प्रा.लि.मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम थर | पद | नागरिकता नं. |
|---|---|---|
| धन बहादुर पुलामी | कागजपत्र व्यवस्थापन अ. | १६३४ |
| सोमनाथ भट्टराई | जन सम्पर्क अधिकृत | ४६२०५ |
| त्रिलोचन अधिकारी | जन सम्पर्क अधिकृत | १६४७०/०५१ |
| भावना दाहाल | कागजपत्र व्यवस्थापन अ. | १९-०२-७०-०१९९८ |
| राधिका पराजुली | कार्यालय सहयोगी | ७४३९४ |
| बिजेता सेन | रिशेप्सनिश्ट | ५११०२६/२४० |
| शुशिल कार्की | कागजपत्र व्यवस्थापक | ०७/८१९ |

**ALPHA SIGMA OVERSEAS PVT. LTD.**
P.O.Box : 10443, Sinamangal-09, Kathmandu, Nepal
Tel : +977-1-4561946, 4561827 Fax : +997-1-4465976
E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np,Website : www.lmperial.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EE KEE NOODLE MANUFACTURER SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/२४ | पून: विज्ञापन स्वीकृति मिति २०८०/१२/१८ | LT. No. 275085 | चलानी नं. ६०२०८२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४२,२८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २६ गते (8th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : POWER RECRUITMENT LLC

पूर्व स्वीकृति मितिः २०८०/१२/१८ | LT. No. 302860 | चलानी नं. ६०२१७७०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING LABOURER | 125 | 0 | 800 | २९,०१६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | MASON | 125 | 0 | 1200 | ४३,५४२ | | | | | | | |
| 3 | shuttering carpenter | 125 | 0 | 1200 | ४३,५४२ | | | | | | | |
| 4 | STEEL FIXER | 125 | 0 | 1200 | ४३,५४२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २६ गते (8th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Raj Group Of Company Pvt.Ltd.**
RAJ GROUP OF COMPANIES
श्रम ईजाजत न .१२४५/०७३/०७४
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-4386500
Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONTINUOUS GIVING COMPANY FOR GENERAL TRADING AND CONTRACTING.

पूर्व स्वीकृति मिति २०८०/१२/१८ | LT. No. 302891 | चलानी नं.६०२१७६९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DELEGATE/SALES REPRESENTATIVE | 1 | 0 | 650 | २८,२०६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २६ गते (8th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः निःशुल्क कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAGIC BURGER RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८०/१२/१८ | LT. No. 302755 | चलानी नं. ६०२१७६९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BURGER CHEF | 2 | 0 | 150 | ६५,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २६ गते (8th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WRASS OPERATION AND MAINTENANCE LLC

पूर्व स्वीकृति मिति २०८०/०९/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/१८ | LT. No. 297099 | चलानी नं. ६०२१२२१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 4 | 0 | 1500 | ५३,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २६ गते (8th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**
श्रम ईजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### श्रममा अझै सुधार्नुपर्ने विषय

**वैदेशिक रोजगारीमा निस्कने व्यक्तिले पाइलापाइलामा सास्ती भोग्नुपर्छ । पासपोर्ट बनाउने ठाउँमा, श्रम स्वीकृति लिने ठाउँमा, स्वास्थ्य रिपोर्ट बनाउने क्रममा, प्रक्रियागत ढाँचा पूरा गरी वैदेशिक रोजगारीमा जाने क्रममा आर्थिक, प्रशासनिक र नैतिक हरेक क्षेत्रमा श्रमिक चेपिएका हुन्छन् । कार्यक्षेत्रमा मालिकलेभन्दा नेपालीहरूले नेपाली युवालाई वैदेशिक रोजगारमा गन्तव्य पुग्दासम्म अनेकौं तडना खेप्न बाध्य बनाइसकेका हुन्छन् ।**

**यसै विषयलाई विशेष चासो लिँदै वैदेशिक रोजगार कार्यालय ताहाचलले विदेश जाने नेपाली कामदारको सुविधाका लागि तीन 'सिफ्ट'मा श्रम स्वीकृतिसम्बन्धी सेवा दिन थालेको छ । वैदेशिक रोजगारीमा जानेहरूका लागि चुस्त र प्रभावकारी सेवा प्रवाह गर्ने उद्देश्यले तीन सिफ्टमा सेवा दिन थालिएको बताइएको छ ।**

**नेपालमा रोजगार नपाएपछि यहाँ श्रम स्वीकृति लिन जानेको लर्को नै लाग्छ । तर न त श्रम स्विकृकित पाउने समयको टुंगो लाग्छ न त कार्यालय समयको । त्यसैले नयाँ श्रममन्त्री डोलप्रसाद अर्यालले विशेष चासो लिएर कार्यालय अवधि बढाउन निर्देशन दिएअनुसार कार्यालयमा कार्यरत ५७ जना कर्मचारीलाई सिफ्टअनुसार आलोपालो ड्युटी गर्ने व्यवस्था मिलाइएको विभागले जनाएको छ । विभागले एकै घण्टामा बन्ने श्रम स्वीकृतिलाई दुःख दिने नियतले लामो समय लगाउने गर्छ । प्रविधिलाई दोष दिएर विभाग पन्छिने गर्छ यस्तो विषयमा ।**

**हुन त प्रशासनिक झमेला देखाउन कर्मचारीहरूलाई कुनै आइतबार पर्खनुपर्दैन । कहिले कम्प्युटर बिग्रियो भनी काम रोकिदिने, कहिले सिस्टम बिग्रेको निहुँमा त कहिले आफैं बत्तीको लाइन बन्द गरेर बत्ती गयो भनेर रोकतोक लगाउन पछि पर्दैनन् कर्मचारी । अहिलेलाई भने सेवाग्राहीलाई सहजरूपमा सेवा प्रदान गर्न भन्दै बिहानदेखि रातिसम्म तीन सिफ्टमा कार्यालय सञ्चालनमा ल्याइएको छ । जसअनुसार बिहान ७ बजेबाट २ बजेसम्म एकपटक, २ बजेबाट ९ बजेसम्म एक पटक र ९ बजेबाट भोलिपल्ट बिहान ४ बजेसम्म गरी तीन सिफ्टमा सेवा प्रवाह हुने जनाएको छ ।**

**तर श्रमलाई नानीदेखि लागेको बानी भनेको कमिसन । बाहिर श्रम गर्न खटाएका बिचौलियामार्फत कर्मचारी हाकिमहरू कमिसन बुझ्छन् । तीन सिफ्टमा श्रम दिने कार्यक्रम चलाएर नयाँ श्रममन्त्री अर्यालले स्वागतयोग्य काम गरेका छन् । तर 'ओपन सेक्रेट'झैं रहेको कमिसन लिनेबाट वैदेशिक रोजगारीमा जानेहरूले खेप्ने सास्तीमा भने सम्बोधन भएको छैन । त्यसैले श्रममन्त्रीले माथि उल्लिखित नीतिगत विषयमा पनि ध्यान दिएमा श्रम क्षेत्रका समस्याहरू विस्तारै निराकरण हुँदै जाने छ ।**

## मननयोग्य

### चाणक्य नीति

यस्तैमा पुनः यात्रा आरम्भ भयो । चाणक्यको पहिलो यात्रा र अहिलेको यात्रामा अन्तर थियो । पहिले निराश्रित, अहिलेको ४५ वर्षे अनुभव प्राप्त लौहपुरुष सिकन्दरलाई र महानन्दजस्ता क्रूर राजालाई जित्न असम्भव लाग्दैनथ्यो । उनीसँग सामार्थ्य, ज्ञान, मातृभूमिको अमिट प्रेम छ र अनि छ एउटा सँगठित भारतवर्ष बनाउने आकांक्षा थियो ।

एउटा ठूलो उद्देश्यमा समर्पित विष्णुगुप्तले राजा पुरुको कैकेय देश नन्द प्रवेश गरी उनीसँग भेट गरे । राजाले विष्णुगुप्तको चर्चा सुनेका थिए । विष्णुगुप्तका स्वागत गरे ।' मैले बुझिसकेको थिए सिकन्दरको अबको लक्ष्य कैकेयमा पर्छ पुरुने विश्वास दिलाए, पञ्चनदका बालक मातृभूमिका लागि आफ्नो प्राण अर्पण गर्न तत्पर छन् विष्णुगुप्तले धेरै कूटनीतिक र सामरिक महत्त्वका तौरतरिकाका कुराहरू पुरुलाई बताएर आफू अगाडि बढे ।

पुरुसँग आम्भी रिस गर्थे । सिकन्दर सिन्धु नदी पार गरी लक्षशीलामा पस्यो । आम्भीले सिकन्दरसँग सन्धि गरेको थियो । पुरुले आफ्नो सेनालाई बलियो सशक्त पार्न थालिसकेका थिए भने आफ्ना गुप्तचरहरूलाई पनि चारैतिर फैलाएका थिए ।

पुरुको राज्य झेलन र चिनारको बीचमा पर्दथ्यो । उनले आफ्नो राज्यमा सिकन्दरका सेना प्रवेश गर्न नसकुन् भनी पूरा बन्दोवस्त गरेका थिए । पुरुको यस व्यवस्थाले अहिलेसम्म सिकन्दर त्यहाँ प्रवेश गर्न सकेको थिएन ।

यस्तै, धेरै दिन बिते । सिकन्दरको भाग्य बलियो थियो । एक दिन ठूलो वर्षा भयो । झेलम नदी पानीले भरिई पार गर्नसक्ने अवस्था थिएन । पुरुले सपनामा पनि सोचेका थिएनन् । सिकन्दर यस्तो समयमा पनि युद्ध गर्न अग्रसर हुन्छ । पुरुका सेना नदी बढेको हुँदा आफ्ना शिविरमा निश्चिन्त थिए ।

सिकन्दरले यही अवसरलाई उपयुक्त ठानी फाइदा उठायो । ऊ जान्दथ्यो नदीमा तुफान उठेको छ । पार गर्न असम्भव भए पनि आफ्ना सेनालाई नदीमा प्रवेश गर्ने आदेश दिँदै आफू पनि नदीमा घोडासहित हेलियो । सेनाहरू धेरै मरे । बचेका सेना साथ लिएर सिकन्दरले झेलम नदी पार गर्‍यो । घोडाहरू काठ र डोरीद्वारा पार गरायो ।

क्रमशः

# मिर्गौलाको सुरक्षातर्फ बढ्दो जनचासो



डा. प्रकाश बुढाथोकी

> सामान्य अवस्थामा हाम्रो शरीरमा दुईवटा मिर्गौला ढाडको बीचमा मेरुदण्डको दुवैतिर मुठीजत्रो सिमीको गेडाको आकारमा रहेको १५० ग्रामको नभई नहुने उत्सर्जक अंग हो । हरेक मानिसमा दुईवटा मिर्गौला रहन्छन् । स्वस्थ अवस्थामा दुवै मिर्गौला क्रियाशील हुन्छन् तर दुईमध्ये एउटाले मात्र काम गर्दा पनि मानिस स्वस्थ रहन सक्छ । एउटा मिर्गौलामा करिब १३ लाख नेफ्रोन हुन्छन् । त्यसले पिसाब बनाउने क्षमता राख्दछ ।

मानव शरीरका विभिन्न अंगहरूमा विविध किसिमका रोगहरू देखापर्ने गर्दछन् । तैपनि कतिपय अंगमा भएका रोगको सामान्य उपचार गर्दा राम्रो हुन्छ भने केही अंग काटेर फचाँक्दा र नक्कली राख्दा पनि मानिस स्वस्थ रही दैनिक कार्य गर्न सक्दछ, जटिल नबन्न सक्दछ तर मिर्गौला रोग भने बेग्लै किसिमको हुने गर्दछ । यसमा मिर्गौला बेकम्मा हुँदा कतिका लागि सम्पत्ति विनासको ठूलो बाटो बन्ने गरेको छ भने सर्वसाधारणका लागि मृत्युको कारण बन्दै आएको छ ।

विश्व स्वास्थ्य संगठनको आँकडाअनुसार विश्वमा हरेक १० जनामा एकजना व्यक्तिमा मिर्गौलासम्बन्धी कुनै न कुनै समस्या देखापर्ने गरेको छ । नेपालमा भने हाल करिब १० हजारभन्दा बढी मिर्गौला रोगी रहेकामा १० प्रतिशतले मात्र उपचार पाउन सकेका छन् र पीडित हुनेको संख्या वार्षिक २५ सयदेखि तीन हजारका दरले बढ्दै छ ।

सामान्य अवस्थामा हाम्रो शरीरमा दुईवटा मिर्गौला ढाडको बीचमा मेरुदण्डको दुवैतिर मुठीजत्रो सिमीको गेडाको आकारमा रहेको १५० ग्रामको नभई नहुने उत्सर्जक अंग हो । हरेक मानिसमा दुईवटा मिर्गौला रहन्छन् । स्वस्थ अवस्थामा दुवै मिर्गौला क्रियाशील हुन्छन् तर दुईमध्ये एउटाले मात्र काम गर्दा पनि मानिस स्वस्थ रहन सक्छ । एउटा मिर्गौलामा करिब १३ लाख नेफ्रोन हुन्छन् । त्यसले पिसाब बनाउने क्षमता राख्दछ । ४० वर्ष नाघेपछि नेफ्रोनको संख्यामा वार्षिक एक प्रतिशतका दरले ह्रास हुन्छ तर अन्य नेफ्रोनले कार्य वृद्धि गरी जीउबाट निकाल्नुपर्ने पानी, लवण र फोहोर त्यही मात्रामा र त्यही दरमा निकालिरहन्छन् । रोग वा उमेर तथा अन्य कारणले भएको नेफ्रोनको संख्याको कमी भने परिपूर्ति वा पुनः नयाँ नेफ्रोन बन्ने काम भने हुँदैन ।

मानिसको उमेर बढ्दै जाँदा मिर्गौलाको कार्यक्षमता पनि घट्दै गई स्वस्थ मानिस ९० वर्ष पुग्दा मिर्गौलाले क्षमताको ५० प्रतिशतजति मात्र काम गरे पनि स्वस्थ नै मानिन्छ । मुटुबाट निस्कासन भएको करिब २२ प्रतिशत रगत दुई मिर्गौला हुँदै सञ्चार हुने गर्दछ अर्थात् प्रत्येक २४ घण्टामा १८० लिटरभन्दा बढी रगत मिर्गौलाको कार्य एकाइ नेफ्रोनको पहिलो भाग ग्लोमेरुलस हुँदै बग्दछ । यसमा १७८.५ लिटर भाग वा प्रोटिनबाहेक पानी र अन्य तत्वहरू नेफ्रोनको सूक्ष्म नली हुँदै वरिपरि फैलिएका कम चाप भएका रक्तनलीद्वारा सोसिएर फेरि शरीरमै जाने गर्दछ । यसै क्रममा युरिया, क्रेटिनिन, युरिक एसिड र अन्य विषालु तत्त्व अति कम मात्रामा सोसिने भएकाले ठूलो मात्रामा पिसाव भएर शरीर बाहिर निस्कन्छन् ।

हामीले खाएको खानेकुराबाट शरीरले चाहिएको कुरा अवशोषित गरी बाँकी रहेका अनावश्यक पदार्थहरू रगतमा रहन्छन् । शरीरमा उत्पादित विकारयुक्त पदार्थ भएको उक्त रगतलाई छानेर रगत सफा गर्ने र तिनलाई पिसावको रूपमा मुत्रथैलीमा पठाई पिसावमार्फत बाहिर फचाँक्ने प्रमुख काम मिर्गौलाको हो । शरीरमा अनावश्यक नून, पानी, पोटासियम, क्याल्सियम र अन्य आयनलाई थुप्रिन नदिई सन्तुलनमा राख्दछ ।

अम्ल र क्षारको मात्रा नियन्त्रण गर्दछ । प्रोटिनबाट बन्ने सल्फ्युरिक र फोस्फोरिक एसिड निस्कासन गर्ने अंग एकमात्र मिर्गौला हो । रगतको रातो रक्तकोष बनाउने हर्मोन एरिथ्रोपोइटिन ९० प्रतिशत मिर्गौला र १० प्रतिशत कलेजोले बनाउँछ । मिर्गौलाले भिटामिन डी को सक्रिय रूप क्याल्सिट्रोल बनाउँछ र क्याल्सियम तथा फोस्फेटको नियन्त्रण गर्दछ । आन्द्रामा क्याल्सियम संयोजन प्रोटिन बनाई क्याल्सियमको खपत बढाउँछ । लामो उपवासमा बसेको बेला एमिनोएसिडबाट चिनी बनाउने, रक्तचाप सन्तुलित राख्ने पनि गर्दछ ।

## मिर्गौला किन बिग्रन्छ ?

मिर्गौलाको कार्यक्षमता ५० प्रतिशतभन्दा बढी घट्न थालेपछि मात्र स्वास्थ्य समस्या पैदा हुन थाल्छ । मिर्गौलासम्बन्धी रोगहरू नेफ्राइटिसको उपचार नगरेको वा उपचार सफल नभएको, उच्च रक्तचाप, मधुमेह, पिसावको संक्रमण, मिर्गौला पिसावको नली र थैलीमा हुने पत्थरीजस्ता रोगहरूबाट लामो समयदेखि पीडित भएको तथा जथाभावी मकै, भटमास खाएजस्तै एण्टिबायोटिक र पेनकिलर औषधि सेवन गरेको व्यक्तिको मिर्गौला उमेर नपुग्दै बिग्रने सम्भावना रहन्छ ।


त्यसैगरी जन्मँदै मिर्गौलामा पानीका फोका भएको तथा उक्त फोकाहरूको संख्या र आकार बढ्दै गए खराबी सुरु भएको वयस्क अवस्थामा नै थाहा हुन सक्छ । अन्य कारणमा वंशानुगत, मोटोपना, धूमपान, ५० वर्ष नाघेका व्यक्ति तथा संक्रमणहरू पर्दछन् ।

## लक्षण कस्तो हुन्छ ?

कुनै लक्षणविना एक्कासि केही दिन वा साताको अन्तरालमा पनि मिर्गौला काम गर्न छोड्ने हुन सक्छ । यस विकासको खराबीलाई एक्युट रेनलफेलर भनिन्छ । झाडापखाला, हैजाजस्ता बिरामीको अत्यधिक मात्रामा शरीर सुक्खा भएमा, धेरै रगत खेर गएमा, मिर्गौलाको संक्रमण, क्यान्सर, रगतको खराबी तथा मिर्गौलाको पत्थरीजस्ता समस्याले मिर्गौलाले काम नगर्ने हुनसक्छ । यस्ता समस्याको समयमा नै निदान हुनसक्यो भने मिर्गौला बचाउन सकिन्छ । एक्युट रेनल फेलर भएकामध्ये ५० देखि ७० प्रतिशत बिरामीको मृत्यु हुनसक्छ ।

लामो समयसम्म रहेको रक्तअल्पता उच्च रक्तचाप, हर्मोनहरूको असन्तुलन, बारम्बार पिसाबको संक्रमण भइरहनु वा त्यसको उपचार राम्ररी नगर्नु, स-साना पत्थरी रहनु तथा पेटका खराबीले मिर्गौलालाई नराम्रो असर गर्दछ । मिर्गौलालाई रगत पुऱ्याउने धमनीको संकुचन हुनु, रगतको खराबी हुनु, मिर्गौलाको क्षयरोग, पिसाब थैलीको खराबी आदि जुनसुकै समस्याले धेरै लामो समयसम्म ग्रसित बिरामीको मिर्गौला काम नलाग्ने भएका चाहिँ राम्रो बनाउन सकिँदैन ।

सामान्यतया मिर्गौला खराब हुँदा खानामा रुचि घट्दै जाने, चाँडै थकाइ लाग्ने, राति बढी (दुईपटकभन्दा बढी) पिसाब हुने, पिसाब गर्दा पोल्ने, रातो, गाढा वा फिँजयुक्त हुने, पिसावको मात्रा घट्दै जाने, वाकवाक लाग्ने, जिउ चिलाउने, बिहान उठ्दा मुख फुल्ने र सुन्निँदै जाने, गोरो मानिस कालो हुँदै जाने लक्षणहरू देखा पर्दछन् । यस्ता लक्षणहरू अन्य थुप्रै रोगहरूमा पनि देखिने भएकाले यकीन गर्न रगत परीक्षण गरी युरिया र



क्रियाटिनिन बढे नबढेको हेर्नु पर्दछ ।

शरीरमा रोग बढाउने रोगका उपनामले चिनिने मिर्गौला रोगहरूबाट मिर्गौलाको क्षति अन्तिम अवस्थामा पुग्दा उपचार नभए मुटुमा र हड्डीमा भिटामिन डी र क्याल्सियमको कमीले हड्डी दुख्ने, सुन्निने र नरम हुन्छ, करङ, कम्मर र अन्य स्थानका हड्डीहरू भाँच्चिने सम्भावना रहन्छ । तर हाम्रो विडम्बना मिर्गौला असफल भएको मिर्गौलाको कार्यक्षमता ७० प्रतिशतभन्दा बढी नष्ट हुँदा पनि थाहा पाउन र अनुभव गर्न सकिँदैन र रोगको लक्षण नदेखिँदै उपचार खोज्ने कुरा पनि भएन जसका लागि नियमित जाँच नै आवश्यक छ । मिर्गौलाको कार्यक्षमता ५० प्रतिशतबाट घटेर १० प्रतिशतसम्म झरेको अवस्थालाई क्रमशः प्रारम्भिक, मध्यम र अन्तिम चरणको खराबीको रूपमा लिइन्छ ।

सामान्य व्यक्तिभन्दा मिर्गौला रोगीमा मधुमेह उच्च रक्तचाप र मुटु तथा रक्तनलीसम्बन्धी समस्या गाँसिएमा मृत्यु हुने सम्भावना १० गुणा बढी हुने भएकोले मिर्गौला बेकम्मा हुनुभन्दा पहिले नै हृदयाघातबाट व्यक्तिको मृत्यु हुने सम्भावना रहन्छ । मिर्गौला रोगका कारण मुटुसम्बन्धी रोगको चपेटामा पर्ने व्यक्ति करिब एक करोड २० लाख छन् विश्वमा । १०-२५ प्रतिशत मधुमेहीमा मिर्गौला रोग देखिने गरेको छ भने मिर्गौला बेकम्मा हुनेहरूमा ४४ प्रतिशत मधुमेह र २८ प्रतिशत उच्च रक्तचापको कारणले देखिएको छ ।

शरीरमा रगत सफा गर्ने फिल्टरको मुख्य काम गरिरहेको मिर्गौला अस्वस्थ भएमा रगतमा विषालु पदार्थहरू जम्मा भई रगतबाट शरीरभरि विचरण गरी सबै अंगमा नकारात्मक असरहरू उत्पन्न गर्दछ । मिर्गौला रोगी भएको एक-दुई वर्षदेखि दशौं वर्षसम्म पनि लक्षण नदेखिई चलिरहन सक्छ र जब मिर्गौलाले २०-३० प्रतिशतसम्म मात्र काम गरिरहेको हुन्छ, तब लक्षणहरू देखिन्छन् तर यसबेला थप बिग्रन नदिन उपचारमात्र गर्न सकिन्छ, रोग निको भने पार्न सकिँदैन । दुवै मिर्गौलाले काम गर्न छोडी मिर्गौला बेकम्मा भई पीडितहरू केवल दुईवटा विकल्पमा बाँच्न बाध्य हुन्छन् या त कृत्रिम तरिकाले रगत सफा गर्ने पद्दति डायलाइसिस वा नजिकको रगतको नातेदारको मेल खाने स्वस्थ मिर्गौला प्रत्यारोपण ।

## उपचार के हुन सक्छ ?

नियमित स्वास्थ्य परीक्षण, औषधि सेवन र खानपिनमा ध्यान दिँदा पनि समस्या नियन्त्रणमा आउने गर्दछ । प्रोटिन बढी हुने माछा, मासु, गेडागुडीजस्ता खानेकुरा पानी र झोलपदार्थ चिकित्सकले तोकिदिएअनुसार खानुपर्दछ । यदि मिर्गौलाको कार्यक्षमता १० प्रतिशतभन्दा पनि कम हुन थाल्दछ भने नियमितरूपमा रगत सफा गर्ने हेमोडायलाइसिस, हेमोफिल्ट्रेसन र पेरिटोनियल डाइलाइसिस वा स्वस्थ मिर्गौला राख्ने 'प्रत्यारोपण' जस्ता सघन र ठूला उपचारको आवश्यकता पर्दछ तर कुन विधि रोज्ने भन्ने निर्णय मिर्गौला अन्तिम अवस्थामा पुग्नेभन्दा पहिले नै गर्नु पर्दछ । जसबेला ग्लोमेरुलस भएर छानिने रगतको बेगदर १२५ मिलिलिटर प्रतिमिनेटबाट घटी पाँच मिलिलिटर प्रतिमिनेट मात्र हुन्छ ।

सन् २००८ मा मिर्गौला प्रत्यारोपण सुरु भयो र हालसम्म तीन हजार जनाले गरेका छन् भने सन् २०१० मा ज्येष्ठ नागरिक, हेपाटाइटिस बीका रोगी र विपन्न नागरिकलाई डायलाइसिस निःशुल्कको सुविधा प्रदान गरिएको थियो । हाल सबैका लागि हेमोडायलासिस निःशुल्क मात्र होइन, मिर्गौला प्रत्यारोपणसमेत निःशुल्क छ ।

## प्रत्यारोपण नै किन ?

मिर्गौला प्रत्यारोपण गर्नु भनेको आफन्तको स्वस्थ मिर्गौला झिकेर बिरामीको शरीरमा राख्नु हो । प्रत्येक व्यक्तिमा हुने दुईवटा मिर्गौलामध्ये एउटैले मात्र काम गर्दा पनि मानिस स्वस्थ र जीवित रहन सक्ने भएकाले दुवै मिर्गौला बेकम्मा भएका बिरामीलाई एउटा मिर्गौला दान गरी आफू पनि नमर्ने र बिरामीलाई जीवनदान दिन सकिन्छ । प्रत्यारोपित मिर्गौलाले लामो समयसम्म काम गरिरहोस् भन्ने उद्देश्यले सुरुमा बढी मात्रामा र पछि क्रमशः घटाउँदै गएर न्यूनतम् मात्रामा औषधि लिइरहनुपर्दछ । प्रत्यारोपित मिर्गौलाले पाँच दिनमा शरीरमा जम्मा भएको विकार सफा गरी सक्दछ ।

प्रत्यारोपण सुविधाका लागि पनि राज्यले २०५५ सालमा मानव अंग प्रत्यारोपण ऐन तथा नियमावली ल्याएको छ । मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन २०५५ र मृगौला प्रत्यारोपण नियमावली २०५८ ले प्रत्यारोपणको कानुनी बाटो खुला गरेको छ । कानुनअनुसार प्रत्यारोपणसम्बन्धी प्रक्रिया मिलाउने र अनुमति इजाजत दिने जिम्मेवारी पाएको अंग प्रत्यारोपण समन्वय समिति छ ।

प्रत्यारोपण गरिएको व्यक्तिको स्वास्थ्य र जीवनयापनको गुणस्तर डायलाइसिसको भरमा बाँच्नेको भन्दा राम्रो हुन्छ । साथै, डायलाइसिस उपचार बाँचुञ्जेल गराइरहनुपर्ने, धेरै खर्च लाग्ने र सबै स्थानमा सेवा उपलब्ध नहुनाले प्रत्यारोपणलाई नै सजिलो र भरपर्दो मानिन्छ । हप्तामा दुई-तीन पटकसम्म डायलाइसिस भएको ठाउँमा जानुपर्ने, जीवनको गुणस्तर न्यून हुने, बाँच्ने सरदर आयु पनि थोरै हुने, कृत्रिम रूपले रगत छान्ने काम डायलाइसिसद्वारा गरिए पनि एरिथ्रोपोइटिनका लागि जिन्दगीभर अलग्गै सुई लिनुपर्ने, वर्ष दिन डायलाइसिस गर्न लाग्ने खर्च करिब तीन लाख रूपैयाँले मिर्गौला प्रत्यारोपण हुने (बाहिर जाँदा १०-१५ लाख रूपैयाँ) र त्यसको एक तिहाइ खर्चले वर्ष दिनको औषधोपचार धान्न सकिन्छ र औषधोपचार खर्च पछिका वर्षमा अझ घट्दै जान्छ । यी विभिन्न कारणहरूले संसारभरि नै मिर्गौला प्रत्यारोपण तुलनात्मक सबैभन्दा बढी गुणस्तरीय जीवन प्रदान गर्ने, सस्तो लोकप्रिय र उत्तम उपचारको विधि भएको छ । जीवित व्यक्तिबाट लिइएको मिर्गौलाले धेरै राम्रो काम गर्ने, शल्यक्रिया गर्न सजिलो हुने र मिर्गौला सुरक्षित रहन्छ ।

प्रत्यारोपण गर्न आवश्यक मिर्गौलाको कमी अहिले विश्वले भोगिरहेको छ । मिर्गौलाको आंशिक समस्या पूर्ति गर्न मृतव्यक्तिको मिर्गौला प्रत्यारोपण सबैजसो देशले अपनाएका छन् किनभने सबै बिरामीले जैविक नातेदारको मिर्गौला प्राप्त गर्न सक्दैनन् । नयाँ उपलब्धिअनुसार म्याच नखाएको मिर्गौलाको पनि विशेष उपचार (एण्टिबडी हटाउने, हल्का रेडिएसन दिने, नयाँ मोनोक्लोनल एण्टिबडी थप्ने) गरी अस्वीकार गर्ने दर पाँच प्रतिशतभन्दा कम बनाइन्छ ।

नेपालमा एकातिर गरिबी, अशिक्षा र भौतिक पूर्वाधार तथा जनशक्तिको अभाव छ त अर्कोतिर भौगोलिक विकटता, द्वन्द्वले गर्दा नागरिकहरूको स्वस्थ जीवनका लागि आवश्यक सेवा र सुविधा चुनौतीपूर्ण तथा असम्भव हुँदै आएको छ । यस्ता आवश्यकता पूर्ति गर्नका लागि सरकारी प्रयासमात्र पर्याप्त नहुने भएकाले आ-आफ्नो जीवनका लागि नागरिक आफैं चेतनशील भई समस्या समाधानमा नलागेसम्म ससाना स्वास्थ्य समस्याले पनि जटिलता उत्पन्न गर्न सक्दछन् । त्यसकारण रोगबारे जानकारी राखौं आफ्नो स्वास्थ्य परीक्षण गराऔं, अरूलाई पनि परीक्षण गर्न प्रोत्साहित गरौं, स्वस्थकर जीवनशैली अपनाउन तत्काल पाइला चालौं र भविष्य राम्रो, स्वस्थ र सुरक्षित बनाऔं । *रासस*

*(लेखक डा. बुढाथोकी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता एवं नेपाल चिकित्सक संघका केन्द्रीय उपाध्यक्ष हुन्)*



**बाढीले उजाडिएको कागबेनी** | गत असारको बाढीले भौतिक संरचनामा ठूलो क्षति पुगेको मुस्ताङको वारागुङ–मुक्तिक्षेत्र गाउँपालिका–४ को कागबेनी बजार क्षेत्र । कागखोलामा आएको बाढी बस्तीमा पसेर उजाडिएको कागबेनी बस्ती संरक्षण र पुनर्निर्माणको पर्खाइमा छ । *तस्बिरः सन्तोष गौतम⁄ रासस*

# पाक्न लागेको हिउँदेबालीमा असिनाले क्षति

**मलेखु (धादिङ)–** धादिङको उत्तरी क्षेत्रमा हावाहुरीसँगै परेको असिना पानीले दिउँदेबाली नष्ट गरेको छ । उत्तरी क्षेत्रको विकटमा पर्ने अधिकांश गाउँबस्तीमा लगाएको बाली नष्ट भएपछि किसान चिन्तित भएका छन् । वर्षदिनभरि खानका लागि लगाएको अन्नबाली क्षणभरमै सखाप भएपछि किसान चिन्तित भएका हुन् ।

शनिबार दिउँसो परेको असिना पानीले गहुँ, मकै, जौ, सागलगायत हिउँदेबाली नष्ट गरेको गंगाजमुना गाउँपालिका-१ रिगाउँस्थित किचेतका दिनेश तामाङले बताए । उनका अनुसार गंगाजमुना, खनियाबास र रुविभ्याली गाउँपालिकाका अधिकांश किसानले लगाएको बाली असिना पानीले नष्ट गरेको छ ।

हिउँदे खडेरीमा दुःखले हुर्काउँदै गरेको आलु, मकै गहुँ, जौलगायतका बाली असिनाले चुटेर नष्ट भएपछि अब दोहोर्‍याएर अर्को बाली लगाउनुपर्ने अवस्था आएको रिगाउँका शिक्षक पूर्णबहादुर तामाङले बताए । 'हुर्कंदै गरेको गहुँ, गोड्ने बेला भएको मकै र आलु असिना पानीले नष्ट गरेको छ,' उनले भने, 'बारीका ढिलमा भएको रुख घाँसको समेत सिठ्ठामात्रै बाँकी छ ।'

फागुनको पहिलो सातादेखि लगाएको मकै, पुस महिनामा लगाएको आलु सबै कामै नलाग्ने गरी बिग्रिएको तामाङको भनाइ छ । मकै र आलु खेतीबाट जीविकोपार्जन गर्दै आएका यस यस क्षेत्रका किसानको खुसी असिना पानीले नष्ट पारिदिएको गंगाजमुना-१ ताजिमग्राङका इमान तामाङले बताए । कृषि पेसामा निर्भर हुँदै आएकाहरूको खुसी पलभरमै निराशामा बदलिएको उनको भनाइ छ ।

हिउँदमा कडा परिश्रम गरेर लगाएको खेती पाक्ने समयमा यसरी असिना पानीले सखाप पारेपछि यहाँका किसानलाई बर्खामा के खाने भन्ने चिन्ता परेको छ । खनियावासको झार्लाङ, रुविभ्यालीको तिप्लिङ र गंगाजमुनाको रिगाउँ आसपासको आलु र मकै देशभर प्रख्यात मानिन्छ ।

### गोरखामा पनि असिनापानीले क्षति

उता गोरखामा पनि असिना पानीले क्षति पुर्‍याएको छ । बारपाक क्षेत्रमा परेको भीषण वर्षा र असिनाले किसानले भित्र्याउने बेला भएको गहुँ र जौ खेतमै नष्ट भएको छ । शनिबार साँझ वर्षासँगै परेको ठूलो असिनापानीले बारपाक क्षेत्रका सबैजस्तो ठाउँमा लगाइएको जौं, गहुँलगायतका अन्य तरकारी बालीमा पूर्णरूपमा क्षति पुगेको बारपाक सुलिकोट गाउँपालिका-१ का वडाध्यक्ष धनबहादुर घलेले जानकारी दिए ।

बारपाकका करिब एक हजार ३०० भन्दा बढी घरघुरीका किसानले घरमा भित्र्याउने बेला भएको गहुँ र जाँ असिनापानीले नष्ट गरेको उनले बताए । 'शनिबार ४ बजेदेखि लगातार तीन घण्टाभन्दा बढी बारपाक क्षेत्रमा भीषण वर्षासँगै असिना परेको थियो,' वडाध्यक्ष घलेले भने, 'ठूलो पानी र ठूलाठूला असिनाले घरमा भित्र्याउने बेला भएको अन्नबाली नष्ट भएपछि अहिले बारपाकका किसान चिन्तामा परेका छन् ।'

असिनापानीले बारपाक क्षेत्रमा किसानले लगाएको हिउँदे तरकारी बालीसमेत पूर्णरूपमा नष्ट भएको छ । बारपाकको सोर्पा, खोंका, च्वेजंग, तसीरंग, मोंकंगलगायतका क्षेत्रमा किसानले अत्यधिक मात्रामा जौं र गहुँको खेती गर्ने गर्दछन् । 'धेरैजसोको त जौं, गहुँ, आलुको बीउसमेत आउने अवस्था छैन,' वडाध्यक्ष घलेले भने, 'अब के गर्ने भन्ने चिन्तामा परेका छौं ।'

असिनापानीले कति मूल्य बराबरको क्षति भयो भन्ने यकीन भइनसकेको उनको भनाइ छ । 'बारपाक क्षेत्रमा प्रायः सबै घरपरिवारले हिउँदे तरकारीखेती, गहुँ र जौको खेती गरेकै हुन्छ,' वडाध्यक्ष घलेले भने, 'अहिलेसम्म क्षतिको पूरै विवरण संकलन गर्न सकिएको छैन, अब प्राविधिकलाई बोलाएर के गर्ने भन्नेबारेमा छलफल गर्नेछौं ।' किसानलाई क्षतिपूर्तिको व्यवस्था नभए किसान थप समस्यामा पर्ने भन्दै उनले चिन्तासमेत व्यक्त गरे ।

'यहाँ धेरैले आफैं खानका लागिमात्र भए पनि र कतिपयले बिक्री गर्ने गरी हिँउदे तरकारी बाली आलु, प्याज, लसुनलगायतका खेती गरेका थिए,' उनले भने, 'ठूलो असिनापानीले सबै क्षति गरेको छ ।' एउटै घरको न्यूनतम दुईदेखि तीन मुरीसम्म आलु क्षति भएको उनको भनाइ छ ।

'बारीमा गएर हेर्दा रुन मन लाग्छ,' स्थानीय किसान मनबहादुर घलेले भने, 'जौ र गहुँ त पूरै असिनाले छोपेर सेतै पो भएछ अब के खाने हो ?' उनले असिनापानीले बालीनाली ढलेर सोत्तर भएको बताए । 'अलिअलि भएको पनि बटुल्नसक्ने अवस्था छैन,' घलेले भने, 'खानका लागि त छोड्दिनुस् अर्को वर्ष बीउ लगाउनका लागि अब कहाँ खोज्ने हो भन्ने अवस्था बारपाकका किसानहरूको भएको छ ।'

### भौतिक संरचनामा क्षति

भीषण वर्षापछि आएको बाढीले बारपाकमा थुप्रै भौतिक संरचनामा क्षति पुगेको छ । 'बारपाक स्वास्थ्यचौकीमा डाँडाबाट आएको भलसँगै आएको पहिरो छिरेर स्वास्थ्यचौकीको तारबारसहित पर्खाल बगाएको छ,' वडाध्यक्ष घलेले भने, 'स्वास्थ्यचौकीमा मात्र तीन लाख रूपैयाँभन्दा बढीको क्षति भएको अनुमान छ ।'

त्यस्तै वडा नं १ मा रहेको श्री हिमालय माध्यामिक विद्यालयमा भलसँगै आएको बाढीले क्षति पुर्‍याएको छ । 'बाढीले विद्यालयको तारबार, स्कुलको जग खोतलेर लगेको छ,' उनले भने, 'ऐरेलपाखा खानेपानी आयोजनामा पानी र बाढीले क्षति पुर्‍याएको छ ।' *रासस*

# बन्तरिया शिविरका बाढीपीडित १६ वर्षदेखि पुनःस्थापनाको पर्खाइमा

■ **राजेन्द्रप्रसाद पनेरु**



**कञ्चनपुर–** हावाहुरी चल्ने मौसम सुरु भएसँगै शुक्लाफाँटा नगरपालिका-१२ बन्तरिया शिविरका ६४ वर्षीय वासुदेव रानालाई रातिको समयमा निन्द्रा पर्न छाडेको छ । वनको छेउमै रहेको उनको झुपडीमा हावाहुरी चलेपछि रुख खसेर थिच्ने डरले सताउन थालेको हो ।

'विस्तारै हावाहुरी चल्ने मौसम सुरु भएको छ । बैशाख⁄जेठमा आउने हावाहुरीले रुखहरूनै ढाल्ने गरेका छन्,' रानाले भने, 'कहिलेकाहीँ रुखका हाँगा झुपडीमाथि नै खस्ने गरेका छन् ।' रुखको हाँगा लागेर शिविरका बासिन्दा घाइते भइसकेका उल्लेख गर्दै उनले मानवीय क्षति हुन नदिन झुपडी छोडेर खुला आकासमुनि बस्नुपर्ने बाध्यता भएको बताए ।

रानासहित शिविरमा बसोबास गर्ने परिवारको साविक देखतभूली गाँउ विकास समितिमा रहेको जग्गा वनहरा बाढीले लगेपछि डेढ दशकदेखि वन क्षेत्रमा बस्दै आएका छन् । वि.सं. २०६४ को बाढीले घरजग्गा सबै बगाएपछि सुकुम्बासी भएर वन क्षेत्रमा बस्दै आएको रानाको भनाइ छ । 'नदीले जग्गा बगाएको ठाउँ अहिले बगर बनेको छ,' उनले भने, 'जग्गाको मालपोत बुझाउँदै आएका छौं । जग्गा बगरमा परिणत भएकाले बालुवा नै बालुवा छ, खेती लगाउन सकिएको छैन ।'

घरसँगै कमाइ खाने जग्गा नदीले बगाएर बेघर पारेपछि शिविरका अधिकांश बासिन्दाले दैनिक ज्याला मजदुरी गरेर जीविका चलाउँदै आएका छन् । केहीले छिमेकी गाउँमा अधिया लगाएर परिवारको भरणपोषणको व्यवस्था मिलाएका छन् । बाढीले बेघर पारेपछि अर्को व्यवस्था नहुन्जेलसम्मका लागि तत्कालीन प्रमुख जिल्ला अधिकारीको निर्देशनमा बाढीपीडित परिवारलाई वन क्षेत्रमा अस्थायी रूपमा बस्ने व्यवस्था मिलाइएको थियो ।

बाढीबाट विस्थापित ३२ परिवार पहिले शिविरमा बस्दै आएका थिए । जीविकोपार्जन गर्न गाह्रो भएपछि केही परिवार भारततर्फ लागेका, केहीले अन्यत्र अधियामा जग्गा कमाउन गएका स्थानीय बताउँछन् । हाल शिविरमा १९ परिवारमात्रै बस्दै आएका छन् । पुनःस्थापनाको व्यवस्था मिलाइदिनका लागि शिविरका बासिन्दाले नगरपालिकादेखि काठमाडौंसम्म अनुरोध गर्दै आए पनि हालसम्म सुनुवाइ भएको छैन ।

'चुनावअघि नेताले शिविरमै पुगेर समस्या समाधान गर्ने प्रतिबद्धता गरेका थिए,' स्थानीय घुम्मन रानाले भने, 'चुनाव जितेर काठमाडौं पुगेपछि भने कहिल्यै शिविरमा पुगेनन्, नत प्रतिबद्धता नै पूरा गरे ।' उनले ऋण लिएर काठमाडौंसम्म तीनपटक पुगेर पुनःस्थापनाको माग गर्दा पनि हालसम्म सुनुवाइ नभएको बताए ।

'आफन्तसँग कर्जा मागेर तीनपटक पुग्यौं । पुनःस्थापना गराउने प्रतिबद्धतामात्र भयो । सोह्र वर्षदेखि रुखमुनि बस्दै आएका छौं, हाल खबर सोध्ने पनि कोही छैनन्,' स्थानीय राजकुमार रानाले भने । बाढीपीडित भएको प्रमाण वडादेखि जिल्लासम्म भए पनि सरोकारवाला निकायको बेवास्ताका कारण आफूहरू मर्कामा परेको उनको भनाइ छ ।

'जिल्लाका सबै बाढीपीडित मिलेर केही वर्षअघि सडक आन्दोलन गरेपछि जिल्ला प्रशासनले लगत लिनेसम्मको कार्य गरेको थियो,' राजकुमारले भने, 'पुनःस्थापना गराउँछन् कि भन्ने आशा जागेको थियो, लगतपछि कुनै कार्य अगाडि बढेन ।' परिचयपत्रसम्म अहिलेलाई दिए हुन्छ भनेर माग गरे पनि त्यो पनि नपाइएको उनको भनाइ छ ।

लालझाडीका बाढीपीडित परिवारलाई स्थानीय तहको प्रयासमा पुनःस्थापनाको कार्य गरिए पनि यहाँको अवस्था बुझेर पनि चासो नदिँदा कष्टकर जीवन बिताउनुपरेको भुरी रानाले बताए । उनका अनुसार दातृ निकायसँग अनुरोध गरेपछि शिविरमा खानेपानीका लागि तीनवटा नल्का (धारा) गाडिएका थिए । 'एउटा नल्कामाथि रुख खसेर टुटचो, अर्को नल्काबाट पानी नै आउन बन्द भयो,' उनले भने, 'तेस्रो नल्काबाट थोरै मात्रै पानी आउने भएकाले सबैलाई पिउनका लागि पुग्दैन ।'

विगत सम्झँदै महादेव रानाले भने, 'साँझ पर्न आँटेको थियो, पानी पर्ने क्रम जारी थियो, वनहरा नदीमा नसोचेको ठूलो बाढी आयो, छिमेकीले बाढी बस्तीमा छिरिसकेकाले भाग्नका लागि ठूलो स्वरले कराउन थाले । जे बोक्न सक्थ्यौं, त्यो सामान हातमा समातेर सुरक्षित क्षेत्र भनेकै वन थियो, त्यसतर्फ भागेर ज्यान जोगायौं, कमाउँदै आएको १५ कठ्ठा जग्गा नदीमा बग्यो, जग्गा बगाउने क्रममै घर पनि बगारले लग्यो ।' घरजग्गा सबै नदीले बगाएपछि सुकुम्बासी भएर वन क्षेत्रमा बस्दै आएको उनले बताए ।

'पहिला जग्गाको मालिक थियौं । खेतमा लगाएको अन्नले वर्षभरि खान पुगेर बेच्ने पनि गर्दथ्यौं, अहिले अरूसँग दुई छाकका लागि अन्न माग्नुपर्ने अवस्थामा पुगेका छौं,' महादेवले भने । 'गणतन्त्र आएकाले कोही भोको हुँदैन, सबैले खान, लगाउन र सुरक्षित घरमा बस्न पाउँछन् भन्थे,' स्थानीय रामसहाय रानाले भने, 'विस्थापनमा परेपछि सहँदै आएको कष्ट झन् बल्झिँदै गए पनि सोधपुछ गर्ने कोही छैनन् ।' शिविरमा बस्दै आएको ठाउँमा जग्गा नापजाँच गरी घरवासको व्यवस्था मिलाइदिन बाढीपीडित परिवारको माग छ । *रासस*


## बलम्बु माध्यमिक विद्यालय
बलम्बु, काठमाडौँ

### शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/१२/०१)
(दोस्रो पटक सूचना प्रकाशित मिति २०८०/१२/१९)

बलम्बु माध्यमिक विद्यालय, बलम्बु, काठमाडौंबाट तपसिलमा उल्लेखित योजना शिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले इजाजत प्राप्त कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । चालु आ.व. को लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर तथा मु.अ. कर दर्ता प्रमाणपत्र र आ.व. २०७९/८० को कर चुक्ता गरेको पत्रको प्रतिलिपि र बैंक जमानत राख्नेको हकमा 'क' वर्गमा सूचिकृत बैंकबाट जारी गरिएको जमानत संलग्न राखी प्रोप्राईटर स्वयं वा निजको अधिकारिक प्रतिनिधिले दरभाउपत्रमा दस्तखत गरी पेश गर्न सकिनेछ र दरभाउपत्र यस विधालयको प्रसाशनबाट खरिद गर्न सकिनेछ ।

| सि.न. | आवश्यकता सम्बन्धी विवरण | विवरण |
|---|---|---|
| १. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | २०८०/१२/२५ दिनको १६:०० बजे |
| २. | दरभाउपत्र बापतको दस्तुर | रु.१,०००.०० (फिर्ता नहुने) |
| ३. | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | २०८०/१२/२७ दिनको १२:०० बजे |
| ४. | दरभाउपत्र खोल्ने अन्तिम मिति | २०८०/१२/२७ दिनको १:०० बजे |
| ५. | नगद धरौटी जम्मा गर्नेको हकमा बैंक र खाता न. | नेपाल बैंक लि, च हि न ००२००१००५०६३९४००००१ |

| सि.न. | खरीद संख्या | आयोजना/कामको नाम | जमानत रकम रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| 1 | BM/SQ/ 01/2080/81 | Construction of Truss at Balambu School of Chandragiri – 12, Balambu, Kathmandu | NRs 35,000.00 | NRs 1,000.00 |

प्रधानाध्यापक, बलम्बु माध्यमिक विद्यालय



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Mohammed Abdulaziz Mohammed Al-Zakry Establishment for Operation and Maintenance co

पूर्व स्वीकृति मिति : २०८०/१२/१५ | LT. No. 302649 | चलानी नं.:६०२१७५०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 17 | 0 | 1200 | ४२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २५ गते (7th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JOB SUPPORT COOPERATIVE

पूर्व स्वीकृति मिति २०८०/१२/१८ | LT. No. 302839 | चलानी नं. ६०२१७६५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब Yen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 2 | 0 | 192827 | १,६९,६०० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : JOB SUPPORT COOPERATIVE

पूर्व स्वीकृति मिति २०८०/१२/१८ | LT. No. 302838 | चलानी नं. ६०२१७६५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब Yen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 2 | 0 | 180000 | १,५८,३२० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : JOB SUPPORT COOPERATIVE

पूर्व स्वीकृति मिति २०८०/१२/१८ | LT. No. 302837 | चलानी नं. ६०२१७६५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब Yen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 3 | 0 | 200100 | १,७६,००० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २६ गते (8th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३०,०००/- (तिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.
श्रम ईजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242/1-4016209
E-mail :info@dninepal.com,Website:www.dninepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DANA BAKING COMPANY IS A ONE PERSON COMPANY

पुर्व स्वीकृति मितिः २०८०/१२/१८ | LT. No.302799 | चलानी नं. ६०२१७६३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 1 | 0 | 1200 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २६ गते (8th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
श्रम ईजाजत नं. ११०८/०७३/०७४
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS

# प्रभाव दैनिक

रूपशाला

सोमबार १९, चैत २०८० (Monday, April 1, 2024)


## 'सेप्माङलक' र 'आयोमा दर्पण' एकसाथ सार्वजनिक

गीतकार तथा लेखक लिला सेलिङको कव्यकृति 'सेप्माङलक' र भीमकुमार सेलिङको 'आयोमा दर्पण' कृति संयुक्तरूपमा सार्वजनिक गरिएको छ । शनिबार साहित्यिक जमघटकाबीच दुवै पुस्तक सार्वजनिक गरिएको हो । कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति तिलविक्रम नेम्वाङ 'वैरागी काइँला' ले दुई पुस्तक सार्वजनिक गरेका थिए ।



# 'गीत–संगीतको संरक्षणमा रेडियो नेपालको भूमिका महत्त्वपूर्ण'

**काठमाडौं (प्रस)–** सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपाल सञ्चालक समितिका अध्यक्ष रामकृष्ण सुवेदीले नेपाली गीत-संगीतको संरक्षण, सम्बर्द्धन र विस्तारमा रेडियो नेपालको भूमिका महत्त्वपूर्ण रहेको बताएका छन् ।

रेडियो नेपालको ७४औं वार्षिकोत्सवको अवसरमा सिंहदरबारस्थित रेडियो नेपालको परिसरमा आइतबार आयोजित राष्ट्रव्यापी खुला आधुनिक संगीत प्रतियोगिता कार्यक्रममा सचिव सुवेदीले गीत संगीत राष्ट्रको निधि, व्यक्तिको भावनालाई प्रतिविम्बित गर्ने साधन र समाजको पहिचान गर्ने माध्यम भएकाले गीत-संगीतले रेडियो प्रसारणलाई श्रुति मधुर बनाउने बताए । राष्ट्रव्यापी आधुनिक संगीत प्रतियोगिताले नेपाली संस्कृति र परम्पराको निरन्तरताका साथै समसामयिक विषयवस्तुलाई उठान गर्न सक्षम हुने उनले विश्वास व्यक्त गरे ।

रेडियो नेपालका कार्यकारी निर्देशक बुद्धिबहादुर केसीले नेपाली गीत-संगीतको श्रीवृद्धिका लागि रेडियो नेपालले सबै राष्ट्रभाषाका गीत-संगीतको रेकर्डिङ, स्वर परीक्षा लिने, श्रेणी निर्धारण, संगीत प्रशिक्षण गर्नुका साथै पुराना गीत र श्रव्य सामग्रीको 'डिजिटलाइजेसन' गरेको बताए । संघीयताको मर्मबमोजिम रेडियो नेपालले सातवटै प्रदेशबाट स्थानीय गीत संगीतका कार्यक्रमलाई प्राथमिकता दिएको र प्रसारित कार्यक्रम, पुराना र नयाँ गीत र भजन सहजै सुन्न सकिने व्यवस्था मिलाइएको उनले जानकारी दिए ।

कार्यकारी निर्देशक केसीले समाचार र कार्यक्रमका साथै समयानुकूलको प्रविधि र सार्वजनिक प्रसारतर्फ उन्मूख नीतिले आगामी दिनमा रेडियो नेपाल अझ सबल र गीत-संगीतको यात्रामा अब्बल हुने विश्वास व्यक्त गरे ।

## गायनतर्फको उपाधि मिलनलाई




**काठमाडौं (प्रस)–** रेडियो नेपालको ७४औं वार्षिकोत्सवको अवसरमा आइतबार आयोजित राष्ट्रव्यापी खुला आधुनिक संगीत प्रतियोगितामा गायनतर्फ मोरङका मिलन परियारले उपाधि जितेका छन् । कृष्ण उदासीको रचना र गंगा गौतमको संगीत रहेको 'म घुम्टो उघार्छु' बोलको गीत गाएका परियारले अन्य प्रतिस्पर्धीलाई पछि पारेका हुन् ।


प्रतियोगितामा महोत्तरीका समीर परियार द्वितीय र मोरङका लेखराज ढकाल तृतीय भएका छन् । प्रतियोगितामा रचनातर्फ इलामका दावा तामाङको 'मान्छेभित्र मान्छे यहाँ' बोलको गीत उत्कृष्ट भएको छ । त्यस्तै संगीततर्फ नवलपुर सुस्तापूर्वका ज्योतिप्रकाशको 'भन्नलाई त सजिलो छ' बोलको गीत उत्कृष्ट भएको छ । प्रतियोगितामा देशभरिका प्रतियोगीबाट छनोट भएका २१ समूहको सहभागिता रहेको थियो ।

## दुई फरक लुक्समा 'घरज्वाइँ'

**काठमाडौं (प्रस)–** मगर संस्कृतिमा आधारित चलचित्र 'घरज्वाइँ' को क्रेक्टर लुक्स आइतबार सार्वजनिक गरिएको छ । अनिल बुढा मगरको निर्देशनमा जनक घर्ती मगरले निर्माण गरेको चलचित्रका दुई डिजाइनका लुक्समध्ये एउटामा अभिनेता दयाहाङ राई बन्दुक बोकेर रिसाहा अवतारमा प्रस्तुत भएका छन् भने अर्कोमा उनी डोकोहरू बोकेर अभिनेत्री मिरुना मगरको पछि हिँडिरहेका छन् । क्यारेक्टर लुक्सबाट चलचित्रको थिम अनुमान लगाउन मद्दत मिलेको छ ।

पूर्वी रुकुम आसपारमा करिब एक महिना छायांकन गरिएको चलचित्रको कथा पनि निर्देशक अनिल आफैंले लेखेका हुन् । पटकथा, संवादमा भने उनले विनोद खतिवडा र सुभाष कोइरालाको साथ पाएका छन् ।




जिएम मुभिजको ब्यानरमा निर्माण भएको चलचित्र सुसन प्रजापतिले खिचेका हुन् । चलचित्रका गीतमा हर्क साउद र मनोज थापाको शब्द, संगीत, रामजी लामिछानेको कोरियोग्राफी छ ।

आगामी असार २८ गते प्रदर्शन हुने 'घरज्वाइँ' मा दयाहाङ र मिरुनाका साथमा बुद्धि तामाङ, पुष्कर गुरुङ, शिशिर बाङ्देल, भोलाराज सापकोटा, खड्कबहादुर पुन (खबपु), राज थापा, कविता आले, शिला आले, अनु थापा, बिना थापा मगर, सोनाम लामा, विवेश बुढा मगर, सुनिल मगरलगायतले अभिनय गरेका छन् ।


रंगशाला


# गुजरातविरुद्धको मैत्रीपूर्ण खेलमा नेपाल विजयी




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** त्रिकोणात्मक टी-२० शृंखलाअन्तर्गत भारतको गुजरातविरुद्धको मैत्रीपूर्ण खेलमा नेपाल विजयी भएको छ। नेपालले गुजरातलाई आठ विकेटले हराएको हो ।

